# परिच्छेद एक

# शोधको परिचय

## १.१ शोध-शीर्षक

यस शोध-कार्यको शीर्षक भरतराज पन्तका शोककाव्यको अध्ययन रहेको छ ।

## १.२ शोध-प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत नेपाली केन्द्रीय शिक्षण विभागको दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्याकथन

कवि भरतराज पन्त शोकलाई प्रमुख विषय बनाएर काव्य लेख्ने एक कवि हुन् । यस शोधमा भरतराज पन्तका शोककाव्यहरूलाई अध्ययन गर्दा निम्न बुँदाहरूलाई समस्याकथनको रूपमा उठाइएको छ -

क. भरतराज पन्तको जीवनी, व्यक्तित्व, कृतित्व, विशेषता र योगदान के-कस्ता रहेका छन् ?

ख. भरतराज पन्तका शोककाव्यहरू के-कस्ता रहेका छन् ?

ग. भरतराज पन्तका शोककाव्यहरूले नेपाली शोककाव्यको क्षेत्रमा के-कस्ता स्थान कायम गरेका छन् ?

## १.४ उद्देश्य-कथन

माथि समस्याकथनमा उठेका शोधसमस्यासँग सम्बन्धित प्रश्नहरूको समाधान नै शोधको उद्देश्यका रूपमा रहेका छन् । जसलाई बुँदागत रूपमा यसरी समायोजन गरिएको छ -

क. भरतराज पन्तको जीवनी, व्यक्तित्व, कृतित्व विशेषता र योगदानलाई केलाउने ।

ख. भरतराज पन्तका शोककाव्यगत प्रवृत्तिलाई प्रकाश पार्ने ।

ग. भरतराज पन्तका शोक काव्यकृतिको विश्लेषण र मूल्याङ्कन गरी निष्कर्ष दिने ।

## १.५ पूर्व-कार्यको समीक्षा

भरतराज पन्त लेखनाथीय परिष्कारवादी काव्यपरम्पराका एक सफल कवि हुन् । उनले लेखनको मुख्य विषय भने शोकलाई बनाएको पाइन्छ ।[१] उनको बारेमा विभिन्न विद्वान समालोचक तथा शोधार्थीहरूबाट अध्ययन अनुसन्धान भएको भेटिन्छ । यस क्रममा समालोचक राममणि रिसालले भरतराज पन्त र उनका काव्यको बारेमा यस्तो टिप्पणी गरेका छन् -"पुत्रवात्सल्य र शोकतुर पिताका मार्मिक भावोद्‌गारले गर्दा उनका कविता अब्बल दर्जाका हुन पुगेका छन् ।"[२] यस क्रममा भरतजङ्ग उप्रेतीले भरतराज पन्तको जीवनी र साहित्यको बारेमा स्नातक स्तरीय शोध पत्र तयार गरेको पाइन्छ । यस शोध पत्रमा भरतराज पन्तको सामान्य जीवनी र उनको साहित्यकारिताको बारेमा प्रकाश पारेको पाइन्छ ।

वासुदेवि त्रिपाठीले 'दोभान' महाकाव्यको भूमिका लेख्ने क्राममा भरतराज पन्तको काव्य साधनालाई विश्लेषण गरेको पाइन्छ । यस क्रममा भरतराज पन्तका काव्य तथा काव्ययात्राको चर्चा गर्नका साथै 'दोभान' महाकाव्यको विवेचना गरिएको छ ।

फणीन्द्रराज निरौलाले **भरतराज पन्त र उनका काव्यकृतिहरूको अध्ययन** भन्ने स्नातकोत्तर स्तरीय शोध तयार गरेका छन् ।[३] यस शोधमा भरतराज पन्तको जीवनी तथा काव्यकृतिहरूको बारेमा प्रकाश पारिएको छ ।

---

[१] भरतजङ्ग उप्रेती, भरतराज पन्त, जीवनी र साहित्य, (नुवाकोट श्रीमति कृणा थापा, २०४०)

[२] वासुदेव त्रिपाठी कवि 'भरतराज पन्तको कविता साधना र उनको दोभान माहाव्य' दोभान, (काठमाडौंः ने.रा.प्र.प्र. २०४१) भूमिका,

[३] फणीन्द्रराज निरौला, भरतराजपन्तका काव्यकृतिहरुको अध्ययन, (अप्र. एम.ए शोधपत्र २०४४) ।

‘प्रतिभै प्रतिभा र नेपाली साहित्य’मा भरतराज पन्त र उनको कवित्वको बारेमा सङक्षिप्त चर्चा गरिएको छ ।[४] यस कृतिमा भरतराज पन्तको चिनारी, उनको कृतित्व र साहित्यिक विशेषताको बारेमा जानकारी पाइन्छ ।

‘नेपाली कविता भाग ४’ मा भरतराज पन्तलाई लेखनाथ पौडेलले प्रर्वतन गरेको परिष्कारवादी शास्त्रीय परमपरामा सक्रिय रहेका एक सफल कविको संज्ञा दिइएको  छ ।[५]

टङ्कनाथ गिरीले भरतराज पन्तका काव्यप्रवृतिको बारेमा स्नातकोत्तर स्तरीय शोधपत्र तयार गरेका छन् ।[६] यस शोध पत्रमा मुख्यतः भरतराज पन्तका काव्यप्रवृतिको निरुपण गर्दै निचोड दिने प्रयास गरेको पाइन्छ ।

पारख प्रयत्नमा शोक काव्यको सङ्क्षिप्त परिचय दिदै भरतराज पन्तका शोककाव्यहरूको सामान्य परिचय र विशेषताको बारेमा प्रकाश पारिएको छ ।[७]

यसरी भरतराज पन्त र उनका काव्यकृतिको बारेमा अध्ययन, समालोचना भएको पाइए पनि उनका शोककाव्यहरूलाई लिएर तिनमा वर्णित विषय भाव र प्रस्तुतिको विशिष्ट विवेचना भएको पाइन्न । अतः प्रस्तुत शोधकार्य भरतराज पन्तका शोककाव्यहरूलाई विश्लेषण गरी निष्कर्ष दिने तर्फमा केन्द्रित रहेको छ ।

## १.६ शोध-कार्यको औचित्य

भरतराज पन्तका शोककाव्यहरूलाई लिएर गहन अध्ययन अनुसन्धान नभएको परिप्रेक्ष्यमा यस शोधकार्यमा उनका शोककाव्यहरूको अध्ययन विश्लेषण गरिएको हुनाले त्यसबाट प्राप्त निष्कर्षको सैद्धान्तिक तथा व्यावहारिक महत्व रहेको छ, पूर्ववर्ती शोधकर्ताहरूले शोककाव्यको सन्दर्भलाई उठाए पनि त्यो अधुरो-अपुरो भएकाले शोक

---

[४] घटराज भट्टराई, प्रतिभै प्रतिभा र नेपाली साहित्य, दोस्रो सं., (काडमाण्डौः एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. २०५१), पृ. ४०८ ।

[५] वासुदेव त्रिपाठी र अन्य, (सम्पा.), नेपाली कविता भाग ४, दोस्रो सं., (काडमाण्डौं: साझा प्रकाशन २०५३), पृ. २२१ ।

[६] टङ्कनाथ गिरी, भरतराज पन्तका काव्यप्रवृत्तिहरूको अध्ययन, (अप्र.एम.ए शोधपत्र, २०५४) ।

[७] शैलेन्दुप्रकाश नेपाल र सारदा अधिकारी, पारख प्रयत्न, (काठमाण्डौं: अनामिका प्रकाशन २०५५), पृ. ७, १९, २७ ।

काव्यमा मात्र केन्द्रित भएर गरिएको प्रस्तुत शोधकार्य सैद्धान्तिक तथा व्यवहारिक दुवै दृष्टिले औचित्यपूर्ण छ ।

## १.७ शोधको सीमाङ्कन

भरतराज पन्तका शोक काव्यहरूको मात्रा अध्ययन गर्नु यस शोधकार्यको सीमा रहेको छ । यस क्रममा उनको सामान्य जीवनी, व्यक्तित्व, कृतित्व, विशेषता र योगदानलाई समेत अध्ययन क्षेत्र भित्र समेटिएको छ ।

## १.८ सामग्री सङ्कलन विधि

शोधकार्यलाई तार्किक एवम् प्रमाणिक बनाउन विविध सामग्रीहरूको सङ्कलन, अध्ययन र सम्पादन गरिएको छ । सामग्रीको सङ्कलन गर्ने क्रममा आवश्यकता अनुसार भरतराज पन्तका कृतिहरू उनका बारेमा लेखिएका समालोचनाहरू, पूर्ववर्ती शोधपत्रहरूका साथै पुस्तकालयीय अध्ययनलाई नै सामग्री सङ्कलनको मुख्य आधार बनाइएको छ ।

## १.९ शोधविधि

सङ्कलित सामग्रीहरूलाई अध्ययन, विश्लेषण तथा सम्पादन गर्ने क्रममा यस शोधपत्रमा मूलतः वर्णनात्मक र विश्लेषणात्मक शोध-विधिको अवलम्बन गरिएको छ ।

## १.१० शोधकार्यको रूपरेखा

यस शोध-कार्यलाई क्रम्बद्ध ढङ्गले सम्पादन गरी शोधको रूपरेखा यस प्रकार तय गरिएको छ :

परिच्छेद एक : शोध-परिचय

परिच्छेद दुईः  शोक काव्यको सैद्धान्तिक स्वरूप

परिच्छेद तीनः भरतराज पन्तको जीवनी, व्यक्तित्व, कृतित्व, विशेषता र योगदान

परिच्छेद चारः भरतराज पन्तका शोककाव्यहरूको अध्ययन

परिच्छेद पाँचः उपसंहार

## परिच्छेद दुई

# काव्य तथा शोककाव्यको सैद्धान्तिक स्वरूप

## २.१ काव्यको परिचय

काव्यलाई पौरस्त्य तथा पाश्चात्य साहित्यमा आ-आफ्नै तरिकाले चिनाउने काम भएको छ । पूर्वीय जगतमा त काव्यलाई साहित्यकै पर्यायका रूपमा हेर्ने काम समेत भएको छ ।[८] काव्य सर्वप्राचीन विधा भएको हुँदा यससम्बन्धी चिन्तन पनि पहिलेदेखि नै भएको भेटिन्छ । यहाँ काव्यको व्युत्पत्तिमूलक अर्थ र अभिप्रायको चर्चा सङ्क्षिप्त रूपमा प्रस्तुत गरिन्छ :

### २.१.१ पूर्वीय-परम्परामा काव्यको व्युत्पत्तिमूलक अर्थ र परम्परा

प्राचीन समयमा काव्यको अर्थ व्यापक र विस्तृत थियो । पूर्वीय साहित्यिक परम्परामा काव्यलाई 'कविद्वारा सम्पन्न कार्य'[९] भनेको पाइन्छ । काव्य शब्दको सर्वप्राचीन प्रयोग ऋग्वेद संहिता देखि नै फेला पर्दछ ।[१०] त्यहाँ नामवाची 'कवि' शब्दको प्रयोगका साथै सृजनात्मक 'कव' धातुको पूर्वक्रियात्मक प्रयोग 'कवित्वा' (कव् + इ + त्वा) र नामवाची 'काव्य' शब्दसमेत प्रयोगमा आएका छन् ।[११] सृजनार्थक 'कव्' धातुमा वा (कु) धातुमा कर्तृबोधक (इ) प्रतयलागि 'कवि' शब्द व्युत्पन्न बनेको र त्यही 'कव्' वा 'कु' धातुमा पूर्वक्रिया बोधक 'इ' आगम सहित 'त्वा' कृत्प्रतय 'कवित्वा' शब्द बनको हुनुपर्ने ठहर वासुदेव त्रिपाठीको रहेको पाइन्छ ।[१२] संस्कृतमा 'कव्' धातुले सर्वज्ञाता वा वर्णन कौशल भन्ने जनाउँछ ।[१३] यो व्युत्पत्तिलाई हेर्दा 'कवि' भन्नाले सर्वज्ञाता अथवा वर्णनकौशलमा निपुण स्रष्टा व्यक्तित्व भन्ने बुझिन्छ । उक्त कवि

---

[८] बमबहादुर जिताली, 'नेपाली कवितामा शास्त्रीय छन्दप्रयोगको सर्वेक्षण' प्रज्ञा, (पूर्णाक ९० वर्ष २९, असार-असोज, २०५६), पृ. ५४ ।

[९] धीरेन्द्र वर्मा र अन्य (सम्पा), हिन्दी साहित्य कोश, भाग १, दो.स., (वारणसीः ज्ञानमण्डल लिमिटेड, २०२०), पृ. १९३ ।

[१०] वासुदेव त्रिपाठी, 'संस्कृत परम्परामा कवि र काव्य तथा साहित्य शब्दका प्रयोगसन्दर्भ व्युत्पत्ति र योगरुढ अर्थको निर्धारण प्रक्रिया' कुञ्जिनी, (अङ्क ३ वर्ष ५, २०५४) ।

[११] ऐजन ।

[१२] ऐजन ।

[१३] वामन शिवराम आप्टे, संस्कृत हिन्दी कोश, (वारणसीः मोतीलाल वनारसीदास, १९६६ ई.) पृ. २६३ ।

शब्दमा कर्म बोधक 'व' तद्धित प्रतय लागी 'काव्य' शब्द बनेको हुदाँ कवि र काव्यबीच अन्योन्याश्रित सम्बन्ध रहेकाले 'कविरिदं कार्यभावो'[१४] भनी कविद्वारा सम्पनन हुने रचनालाई नै काव्य भनिएको पाइन्छ । वेदमा ब्रह्मालाई प्रथम कवि र देव वाणीलाई काव्य मानिएको छ भने आधुनिक कालको काव्यलाई सिर्जनात्मक लेखनको आदर्शरूप ठानिन्छ ।[१५]

नेपाली बृहत् शब्दकोशमा काव्यको अर्थ गर्ने क्रममा साहित्यलाई काव्यकै स्वरूप मानेको छ । यस कोशले काव्यलाई व्यापक अर्थमा साहित्यकै पर्याय मानेको छ भने सूक्ष्म अर्थमा कविताअन्तर्गत मुक्तक, स्फुटकाव्य, गीतिकाव्य खण्डकाव्य र महाकाव्य जस्ता भेदहरू बताइएको छ ।[१६]

वास्तवमा आधुनिक सन्दर्भमा काव्यको अर्थ सङ्कोच भएको छ र यो सीमित अर्थमा प्रयुक्त हुन थालेको छ । ऋग्वेदमा काव्यको अर्थ सृष्टि र कविको अर्थ विश्व स्रष्टा भए जस्तो आज काव्यको अर्थ व्यापक छैन । यो सहित्यको पर्यायको अर्थमा समेत आज पर्दैन । काव्य र साहित्यले लाक्षणिक रूपमा एउटै अर्थ प्रदान गरे पनि वर्तमान समयमा काव्य साहित्यको सर्वप्राचीन एवम् लोकप्रिय विधाका रूपमा रहेको छ ।

### २.१.२ पाश्चात्य परमपरामा काव्यको व्युत्पति र अर्थ

पाश्चात्य साहित्यमा काव्यलाई poetry भनिन्छ ।[१७] Poetry (काव्य) शब्दको अर्थ Poet (कवि) शब्दसँग जोडिएको पाइन्छ । ल्याटिनमा Poeta र ग्रीकमा Poetes भनिने poet शब्दको अर्थ कविता रचना गर्ने स्रष्टा भन्ने हुन्छ ।[१८] पाश्चात्य साहित्यमा कविद्वारा सिर्जित रचनालाई poetry भनिन्छ । Poet शब्द poie मा 'tes' प्रत्यय लागेर

---

[१४] धीरेन्द्र वर्मा र अन्य पूर्ववत् ।

[१५] बमबहादुर जिताली पूर्ववत् पृ. ५४ ।

[१६] बालकृष्ण पोखरेल र अन्य (सम्पा.) <u>नेपाली बृहत् शब्द कोश</u>, (काठमाडौं: ने.रा.प्र.प्र. २०४०) पृ. २३५ ।

[१७] Virginia S. Thatcher, <u>The New Webster Encyelopedic Dictionany of the English Language</u> (Chicago: Consoledated Book Publisher 1970) P. 640

[१८] Sally Wehmeier, <u>Oxford Advanced/Learner's Dictionary,</u> 6th Edition (Oxford New York 2000) p. 972.

बनेको हो भने poetry शब्द poet शब्दबाट व्युत्पन्न भएको हो ।[१९] Poetry लाई poem शब्दले समेत जनाइन्छ । Poem शब्द pio मा eme प्रत्यय लागेर बनेको हो ।[२०]

यसरी शब्द व्यत्पत्तिगत सन्दर्भलाई हेर्दा पाश्चात्य साहित्यमा poet, poetry र poem शब्दका बीच कवि र काव्य (कविता) शब्दको झैं सम्बन्ध पाइन्छ । पूर्वमा कवि र पश्चिममा poet को अर्थ एउटै देखिन्छ । त्यसै गरी पूर्वमा कविको रचनालाई काव्य भने जस्तै पश्चिमी साहित्यमा पनि poetry वा poem ले कवि (poet) को रचनालाई जनाउँदछ । तर पाश्चात्य साहित्यमा पूर्वमा जस्तो साहित्यको पर्यायका रूपमा poetry शब्दलाई प्रयोग गरेको पाइँदैन ।

### २.१.३ काव्यको परिभाषा

पूर्वमा तथा पश्चिममा, काव्य शब्दको प्रयोग प्राचीन समयदेखि भएको पाइन्छ । प्राचीनकालमा वाङ्मयले शास्त्र तथा साहित्य दुवैको प्रतिनिधित्व गरे पनि कालान्तरमा साहित्यलाई भिन्न ढङ्गले परिभाषित गरियो ।[२१] हाल साहित्य अन्तर्गत कविता, नाटक आख्यान र निबन्ध विधा परे पनि प्राचीनकालमा अन्य विधाको तुलनामा काव्य विधाको विकास उत्सर्ग अवस्थामा भएकाले त्यतिबेला काव्य भन्नाले समुच्चा साहित्यलाई जनाउँदथ्यो तर आधुनिक सन्दर्भमा काव्यले गद्यात्मक वा पद्यात्मक कविता कृतिलाई मात्र बुझाउँदछ ।[२२] यहाँ पूर्वीय तथा पाश्चात्य आचार्यहरूका काव्यसम्बन्धी केही प्रमुख परिभाषाहरू को उल्लेख गरिन्छ :

अग्नि पुराणकारले सङक्षिप्त रूपमा भावलाई व्यक्त गर्ने मितव्ययी पदावलीलाई काव्य मानेको देखिन्छ भने भरतमुनिले रस विना कुनै अर्थको प्रवर्तन नहुने बताउँदै काव्यमा रस हुनु पर्ने आशय व्यक्त गरेका छन् ।[२३] भरतमुनि रस-सिद्धान्तका प्रवर्तक

---

[१९] Merrian Webster, <u>Webster's Unbridged Dictionary of the English Language</u> (New York: Portland House 1980) p. 110.

[२०] ऐजन ।

[२१] बमबहादुर जिताली, ऐजन पृ. ५६ ।

[२२] पूर्ववत् ।

[२३] भरतमुनि, नाट्यशास्त्र, पृ. २२७ ।

भएका हुनाले उनले काव्यको आत्माका रूपमा रसलाई मान्दै रस विना काव्य सिर्जना नहुने बताएका छन् ।

भामहले शब्दमा नै अर्थ निहित हुन्छ भन्दै शब्द र अर्थ दुवै पक्षलाई समेटेर काव्यको परिभाषा यसरी दिएका छन् 'शब्द र अर्थको सहभाव नै काव्य हो ।'[२४] आचार्य भामह पछि दण्डीले काव्यलाई अभीष्ट अर्थले युक्त पदावली काव्यको शरीर हो भनेका छन् ।[२५] यस परिभाषामा अभीष्ट शब्दको अर्थ कल्याण हुने हुनाले काव्यको प्रयोजनमा शिवपक्षलाई जोडदिन खोजिएको पाइन्छ ।

आचार्य वामनले भने काव्यको आत्मा रीतिलाई मानेका छन् ।[२६] उनको परिभाषाले काव्यको कलापक्षलाई विशेष उठान गर्न खोजेको पाइन्छ । यसै गरी आचार्य कुन्तकले काव्यलाई त्यस्तो सहभाव भएको शब्द र अथले युक्त वक्रतापूर्ण रचना भनेका छन् जसले काव्य पारखीहरूलाई आह्लाद वा रमणीयता प्रदान गर्ने विशिष्ट क्षमता राख्दछ ।[२७]

यसै क्रममा आचार्य क्षेमेन्द्रले औचित्यको अन्तिम उद्देश्य रस सिद्धि हो र त्यही नै काव्यको जीवन या प्राण हो भन्ने निष्कर्ष दिएका छन् ।[२८] मम्मटले भने दोषरहित गुणयुक्त शब्द र अर्थको समष्टि रूप अलङ्काररहित भए पनि काव्य हो भनेका छन् ।

काव्य परिभाषाका क्रममा विश्वनाथले रसयुक्त वाक्य नै काव्य हो[२९] भनेर अलङ्कारलाई काव्य उत्कर्षको कारण र दोषलाई अपकर्षको कारण मानेको पाइन्छ । रस काव्यको आस्वाद भएको हुदा उनको परिभाषा काव्यको भाव सौन्दर्यसँग सम्बन्धित

---

[२४] शब्दार्थ सहितौ काव्यम्, भामह, काव्यलङ्कार १/१६ ।

[२५] शरीर तावदिष्टार्थ व्यवच्छिन्ना पदावली, दण्डीः काव्यदर्श १/१० ।

[२६] रीतिरात्मा काव्यस्य । वामन, काव्यालङ्कारसूत्रवृत्ति १, २, ३ ।

[२७] शब्दर्था सहितौ वक्र कविव्यापारशालिनि । बन्धे व्यवस्थितौ काव्य तद्विदाह्लादकारिणि ॥ कुन्तक वक्रोक्तिजीवितम् १/७ ।

[२८] औचित्य रस सिद्धस्य स्थिर काव्यस्य जीवितम् । क्षेमेन्द्र औचितयविचार चर्चा १/४ ।

[२९] वाक्यं रसात्मकं काव्यम्, विश्वनाथ, साहित्य दर्पाण १/६ ।

छ । यसै गरी जगन्नाथले रमणीय अर्थ प्रतिपादन गर्ने शब्दलाई काव्य मानेका छन् ।[३०] रमणीयको अर्थ आनन्द हो । काव्य सदा आनन्ददायक नै हुन्छ ।

पूर्वीय साहित्यमा जस्तै पाश्चात्य साहित्यमा पनि विद्वानहरूले काव्यको परिभाषा दिएका छन् । यस सम्बन्धमा अरिस्टोटलले कलाले प्रकृतिको अनुकरण गर्छ भनेका छन् भने फिलिप सिड्नीले अनुकरणको कला काव्य हो भनेका छन् ।[३१]

सेमुअल जोन्सनले कल्पनाद्वारा आनन्दलाई सत्यसित संयोजन गर्ने कलाका रूपमा काव्यलाई परिभाषित गरेका छन् भने वर्डस्वर्थका विचारमा कविताले सशक्त अनुभूतिको अविच्छिन्न उच्छलन गर्छ, त्यसैले कविता शान्त क्षणमा स्मृत संयोगबाट सृजना हुने गर्दछ । यसै गरी विलियम हेनरी हड्सनले कल्पना र मनोवेगद्वारा गरिने जीवनको व्याख्याका रूपमा कवितालाई परिभाषित गरेका छन् ।[३२]

मैथ्यु आर्नोल्ड चाहिं काव्यलाई जीवनको आलोचना मान्दछन् । कोचेका विचारमा कला हाम्रो अर्न्तमनमा आउने अभिव्यञ्जना हो । काव्य पनि एक किसिमको कला भएकाले यो मानव मनभित्र उत्पन्न भई भाषाको माध्यमबाट बाह्यरूपमा प्रकट हुन्छ । त्यसै गरी थोमस एलियटले काव्य (कविता) आवेगका स्वच्छन्द प्रवाह वा व्यक्तित्वको अभिव्याञ्जना नभई आवेग तथा व्यक्तित्वबाट पलायन हो भन्ने विचार राखेको पाइन्छ ।

पाश्चात्य विद्वानहरूले काव्य वा कविताको परिभाषा गर्ने सन्दर्भमा पूर्वीय विद्वानहरूले जस्तो समग्र साहित्यकै सन्दर्भमा गरेका छैनन् । उनीहरूको परिभाषा खास विशेष पक्षमा केन्द्रित भएकाले बढी वस्तुपरक, बढी स्थिर, कलापक्षको परिष्कार, यथार्थ र कल्पनाको समन्वय जस्ता विशेषताले गर्दा आजको सन्दर्भमा मेल खाने खालका देखिन्छन् ।

---

[३०] रमणीयार्थप्रतिपादक शब्द काव्यम्, जगतनाथ <u>रसगङ्गाधर</u> १/१ ।

[३१] Poetry is an art of imination - <u>Apologie for poetrie</u> 1907: 10.

[३२] Poetry as an interpretation of life through imagination and feeling. William Henry Hudson, <u>An Introduction to the study of literature,</u> P. 67.

वस्तुतः परिभाषाहरू कहिल्यै पनि सर्वकालीन र शाश्वत हुँदैनन् । समय र दृष्टिकोणको सापेक्षतामा काव्य मान्यताहरू फेरबदल भइरहने हुँदा परिभाषाहरू विवादित नै हुने गर्दछन् तर पनि पूर्वीय तथा पाश्चात्य विद्वानहरूका परिभाषाले काव्यलाई चिनाउन महत्त्वपूर्ण काम भने गरेका छन् । खास व्यक्ति विशेषका परिभाष नै पूर्ण होइनन् तर समग्र परिभाषाको समायोजन गर्दा भने काव्यको स्पष्ट पहिचान हुन आउँदछ ।

## २.२ शोककाव्य र रस तथा करुण रस

### २.२.१ शोककाव्य

कुनै आप्तजन वा प्रियजनको चिरवियोग हुँदा आफ्ना हृदयमा उसप्रति रहेका श्रद्धा, वात्सल्य, प्रणयभाव, स्नेह र अपनत्वका कारण शोक भावको सिर्जना हुन्छ । यो शोक पूर्वीय मान्यतामा करुणाको कारक तत्व हो । पाश्चात्य परम्परामा यसलाई त्रासदीको कारक तत्व भनेको पाइन्छ । वास्तवमा शोकाकुल भावदशालाई काव्यात्मक अभिव्यञ्जनमा गर्नेक्रममा शोक काव्यको रचना हुन्छ ।

शोक काव्यमा प्रियजनको विछोड, वियोग र मरणबाट हुने शोक अभिव्यक्तिको प्रधानता रहन्छ । शोक, वेदना र दुःखलाई विषयको रूपमा लिएर शोक काव्यको रचना गरिएको हुन्छ ।[३३] पाश्चात्य साहित्यमा शोक काव्यलाई Elegy भनेको पाइन्छ । Elegy को कोशीय अर्थ विशेष गरी कुनै मरेको व्यक्तिप्रति दुःख व्यक्त गर्ने गीत वा कविता हो भन्ने रहेको छ ।[३४]

पूर्वमा शोक विषय वस्तु भएको रचनालाई करुण रसको सन्दर्भबाट हेरिन्छ । करुण रस हुनका लागि प्रियजनको मरण वा इष्टको क्षति र अनिष्टको प्राप्ति भएको हुन्छ । पश्चिमी साहित्यमा होमरको इलियटमा शोकलाई प्रयोग गरिएको छ भने संस्कृत साहित्यका आदिकवि बाल्मीकिले क्रौञ्च पञ्छीका जोडी मध्ये भालेचाहिंलाई

---

[३३] अभि सुवेदी र (अन्य) विश्वसाहित्यको रुपरेखा, (काठमाण्डौंः ने.रा.प्र.प्र २०३०) पृ. ९ ।

[३४] Sally wehmeir, Oxford, Learner's Dictionary (Oxford Newyork 2000) 406

व्याधाले मारे पछि शोक विह्वल रुन थालकी पोथी क्रौञ्चको कारुणिक दृश्य देखेर करुणरसात्मक आदि श्लोक रचना गरेको देखिन्छ ।[३५]

मा निषद प्रतिष्ठा त्वमगमः शाश्वतीः सम्राः
यत् क्रौञ्च मिथुनादकमवधीः काम मोहितम्
बालकाण्ड २/१५

यसरी पूर्वीय पाश्चात्म साहित्यमा करुण रसात्मक शोक विषयवस्तु भएका काव्य, महाकाव्यको रचना परापूर्वकाल देखिनै भएको देखिन्छ । करुण रसलाई सवैभन्दा बढी प्रभाव पार्ने रसको रूपमा लिएको देखिन्छ । वाल्मीकि क्रौञ्च पञ्छीको कारुणिक वियोग देखेर काव्य रचनामा प्रवृत भएका हुन् । उनको रामायण महाकाव्य राम र सीताको वियोगान्त वर्णनमा आधारित छ । करुण काव्यले मानव हृदयको संवदेनालाई गहिरो गरी समायोजन गर्न सक्दछ । पूर्वीय संस्कृत साहित्यमा शोकलाई प्रयोग गरेर धेरै काव्य रचना गरिएको पाइन्छ । महाभारतमा अङ्गी रस शान्त रहे पनि सहवर्ती रसको रूपमा करुण रसको मार्मिक प्रयोग भेटिन्छ । उत्तरवर्ती युगमा करुण रसलाई लिएर काव्य रचना भएको पाइन्छ ।

नेपाली साहित्यमा पनि करुण रसका धेरै काव्य र कविहरू पाइन्छन् । राजा, माहाराजाहरूको मृत्युमा वा आफ्नै माता, पिता, पत्नी, छोरा, छोरी, साथी वा अन्य प्रिय आफन्त जनको शोकलाई विषय बनाएर प्रशस्त काव्य रचना भएको पाउँदछौं । नेपाली साहित्यमा अत्यन्तै प्रसिद्धि पाएका 'मुनामदन र 'गौरी' जस्ता काव्यहरूको विषय शोक रहेको देखिन्छ ।

पूर्वीय साहित्य सिद्धान्तअनुसार शोक  स्थायी भाव भएको करुण रसात्मक मझैला आयामको प्रबन्ध काव्यलाई शोक काव्य भनेको पाइन्छ । यस्ता काव्यलाई रस परिपाकको सन्दर्भमा हेरिने हुँदा शोक स्थायी भाव हुने करुण रसको विवेचना गर्न सान्दर्भिक हुन आउँदछ । यस सन्दर्भमा रस सिद्धान्तको विवेचना सहित करुण रसको कसरी आस्वाद हुन आउँछ भन्ने कुराको समेत समीक्षा गर्नुपर्ने देखिन्छ ।

---

[३५] गोपीकृष्ण शर्मा, <u>संस्कृत साहित्यको रूपरेखा,</u> (काठमाडौं: अभिनव प्रकाशन २०५७) पृ. ६५ ।

## २.३ रस

### २.३.१ रसको स्वरूप र परिभाषा

रससम्बन्धी पूर्वीय जगतमा परापूर्वकालदेखि नै चर्चा परिचर्चा भएको पाइन्छ । वेदोपनिषदको 'रसो वै सः' भन्ने[३६] आर्ष उक्तिबाट प्रभावित भएर प्राचीन आचार्यहरूले रस सिद्धान्तको प्रतिपादन गरेको पाइन्छ । यसै सन्दर्भमा भरतमुनिले रस विना कुनै अर्थको प्रवर्तन नहुने बताएका छन् ।[३७]

'रस' शब्दको निर्माण 'रस्' धातुमा (अच्) प्रत्यय लगाएर गरिन्छ । रस्यस्ते आस्वाद्यते इति रसः भन्ने संस्कृत व्युत्पादनगत अर्थबाट जसको आस्वादन गरिन्छ त्यो वस्तु रस हो भन्ने अर्थ निस्कन्छ । यसरी रसलाई काव्यबाट प्राप्त हुने आनन्द वा ब्रह्मानदको सन्दर्भमा हेरिएको छ । साहित्यिक सन्दर्भमा भने रसलाई परिभाषित गर्ने काम भरतमुनिबाट भएको हो । उनले विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रसको निष्पत्ति हुन्छ भनेर रस सूत्रको निर्माण गरेका थिए ।[३८] भरतमुनिको नाट्यशास्त्र रस-विषयक लक्षणग्रन्थ नभए पनि उनको रस सूत्रको प्रतिपादन शास्त्रीय तथा ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण रहेको छ । उनी पछिका जगन्नाथसम्मका संस्कृताचार्यहरूले रसको वारेमा प्रशस्त व्याख्या विश्लेषण र्ने काम भएको छ । उनले रससूत्रको विभाव अनुभाव र व्यभिचारी भावको व्याख्या गर्ने क्रममा जसरी विभिन्न व्यञ्जन औषधी र द्रव्यको मिश्रण गरेर विभिन्न भौतिक रसको निर्माण गरिन्छ, त्यसरी नै विभाव, अनुभाद र व्यभिचारी भाव मिश्रित स्थायी भाव रस रूपमा परिणत हुन्छ भनेका छन् ।[३९]

### २.३.२ रससामग्री

रस निर्माण गर्ने तत्व वा उपकरणलाई रसविधायक तत्व अथवा रससामग्री भनिन्छ । भरतको नाट्यशास्त्रमा विभाव, अनुभाव र व्यभिचारीभावको संयोजनबाट

---

[३६] रसो वै सः तैतरीपोपनिषद, २/७/४ )

[३७] नहि रसाद्दते कश्चिदर्थ प्रवर्तते, भरतमुनि नाट्यशास्त्र अ. ६ ।

[३८] तत्र विभावानुभावव्यभिचारिसंयोगात् रस निष्पतिः । भरतमुनि, नाट्यशास्त्र ६/३२

[३९] विष्णुप्रसाद पौडेल, संस्कृत काव्यशास्त्र, (काडमाडौंः भुँडीपुराण प्रकाशन २०५७) पृ. ११४ ।

स्थायी भाव रसको सिर्जना हुने भनिएबाट रस सामग्रीका रूपमा यिनै विभाव, अनुभाव, व्यक्तिचारी भाव र स्थायी भाव पर्दछन् । यहाँ तिनको सामान्य चर्चा प्रस्तुत गरिन्छ ।

### २.३.३ स्थायी भाव

मानव मनमा संस्कारका रूपमा वा वासनाका रूपमा चित्रवृत्तिहरू सुषुप्त अवस्थामा रहेका हुन्छन् । यस्ता हृदयमा रहेका रति शोककादि स्थिर मनोदशालाई अन्य भावहरूले दवाउन सक्दैनन् । वृक्षका निम्ति बीजको जस्तै महत्त्व रसका लागि स्थायी भावको हुन्छ । भरतमुनिले नाट्यशास्त्रमा आठवटा रसको उल्लेख गरे पनि उत्तरवर्ती आचार्यहरूले नवरस अनुसार नौ वटा स्थायी भावको निरुपण  गरेका छन् । जो यस प्रकार छन् :

| | |
|---|---|
| शृङ्गार | रति |
| हास्य | हास |
| वीर | उसाह |
| करुण | शोक |
| भयानक | भय |
| वीभत्स | घृणा (जुगुप्सा) |
| रौद्र | कोध |
| अद्भूत | डर |
| शान्त | शम (विस्मय) |

रससिद्धान्त अनुसार मनोविकार वा चित्तवृतिको सांस्कारिक वासनाको रूपमा रहेका यी भावहरूको अन्य विभावादिबाट पोषित भएमा मात्र रसको रूपमा परिवर्तन हुन्छन् । अन्यथा स्थायी भावमा नबदलिई सञ्चारी भावको रूपमा डुल्ने फिर्ने गर्दछन् ।

### २.३.४ विभाव

सहृदयको हृदयमा रहेका रति शोकादि स्थायी भावलाई सुषुप्त अवस्थाबाट विभावन वा ज्ञापन गेरर आस्वादनीय भावको रूपमा अङ्कुरित र उद्दीप्त समेत बनाउने मुख्य कारणको रूपमा रहेको वाचिक, आङ्गिक र सात्विक चेष्टा वा अभिनयको कारण लाई नै विभाव भनिन्छ । यी पनि दुइ प्रकारका रहेका छन् -

### १. आलम्बन विभाव

वासनाको रूपमा रहेका शोकादि स्थायी भावलाई उद्बुद्ध वा जगाउने पदार्थ वा व्यक्ति विशेषलाई आलम्बन विभाव भनिन्छ । 'आलम्बनो नायिकादिस्तमालम्व्य रसोदगमात्' भनेर नायक वा नायिकालाई नै आलम्वन विभावको रूपमा 'साहित्य दर्पाण' मा बताइएको छ ।[४०] यसलाई पनि विषय वा आश्रयका दृष्टिले दुई भागमा विभाजन गरिएको छ । जो कारणको रूपमा रहन्छ त्यो विषय हुन्छ र जसमा भाव उत्पन्न हुन्छ त्यो आश्रय हुन्छ ।

### २. उद्दीपन विभाव

आलम्बन विभावले जगाएको स्थायी भावलाई उद्दीप्त बनाउने कारण वा अवस्था विशेष नै उद्दीपन विभाव हो । अनुरागपूर्ण हेराइ, कटाक्ष, जुनेली रात, एकलास ठाँउ, चरीको चिर्विर् आदि उद्दीपन विभाव हुन् ।

## २.३.५ अनुभाव

विभाव पछि उत्पन्न हुने भाव अनुभाव हो । जस्तो रति शोकादि स्थायी भावलाई विभावले जागृत र उद्दीप्त तुल्याइसकेपछि आश्रय आलम्बनमा प्रकट हुने अभिनय-चेष्टा अनुभाव हो । यसरी विभाव कारणका रूपमा रहेका हुन्छन् भने अनुभाव कार्यका रूपमा आउँदछन् । जस्तै शोक स्थायी भावको अनुभावका रूपमा रोदन, मुर्च्छा, प्रलाप, वैवर्ण्य, देवनिन्दा आदि अनुभाव हुन् । यस्ता अनुभाव पनि दुई प्रकारका बताइएको छः

### १. बाह्य अनुभाव/यत्नज अनुभाव

आश्रय आलम्बनले प्रयत्न पूर्वक प्रस्तुत गरिने कृयाकलापलाई बाह्य अनुभाव भनेको पाइन्छ ।[४१] शारीरिक हाउभाउद्वारा प्रकट गरिने 'आङ्गिक', बोलीले प्रकट गरिने

---

[४०] विश्वनाथ, साहित्यदर्पण, ३/२९ ।

[४१] विष्णुप्रसाद पौडेल, पूर्ववत् पृ. ११८ ।

'वाचिक' र भेषभुषा, अलङ्करण आदिको माध्यमले प्रकट गरिने 'आहार्य' गरी बाह्य अनुभवलाई तीन भागमा विभाजन गरिएको छ ।

### २. आन्तरिक/अयत्नज अनुभाव

आश्रय आलम्बनमा स्वतः प्रकटित हुने तथा व्यक्तिमा रजो र तमो गुणको तिरोहित भई सत्व गुणको प्रबलता रहने भावलाई आन्तरिक अनुभाव भनिन्छ ।[४२] यसमा सत्वगुणको उद्रेग हुने हुँदा सात्विक अनुभाव पनि भनिन्छ । यी आठ प्रकारका रहेका छन् -स्तम्भ, स्वेद, रोमाञ्च, स्वभङ्ग वेपथु, वैवर्ण्य, अश्रु, प्रलय ।

### २.३.६ सञ्चारी भाव

जुन भाव एकै रसमा स्थिर नरहेर अस्थिर या सञ्चरणशील भई एक रसबाट अर्को रसमा डुल्ने या फिर्ने गर्दछ त्यो भाव नै सञ्चारी भाव हो । यसले स्थायी भावलाई रसास्वादनका अवस्थामा पुऱ्याउन सहयोग गर्दछ । यस्ता भावहरू केही क्षण उत्पन्न हुँदै हराँउदै जाने हुन्छन् । यी भावहरू तेत्तीसवटा मानिएका छन् । निर्वेद, आवेग, दैन्य, श्रम, मद, जडता, उग्रता, मोह, विबोध, अपस्मार, स्वप्न, गर्व, मरण, आलस्य, अमर्ष, अवहित्था, उत्सुकता उन्माद, शङ्का, मति, व्यधि, सन्त्रास, लज्जा, हर्ष, असूया, विषाद, धृति चपलता, ग्लानि, चिन्ता, वितर्क निन्द्रा र स्मृति ।

यस्ता संचारी भावहरू काव्यमा आउँदा देश, काल र वैयक्तिकताको सीमा हटेर सर्वभौम, शाश्वत, भावका रूपमा परिवर्तित भए पछि स्थायी भाव रस बन्दछन् । त्यसैले यस्ता भाव सवैका लागि आह्लादक बनेको पाइन्छ ।[४३]

### २.३.७ करुण रसको परिचय

इष्ट जनको विनाश र अनिष्टको प्राप्तिबाट करुण रसको सिर्जना हुन्छ । शोक उत्पन्न हुन्छ । यही शोक नै करुण रसको स्थायी भाव हो । यस करुण रसको विषय

---

[४२] विष्णुप्रसाद पौडेल, पूर्ववत् पृ. ११९ ।

[४३] केशवपसाद उपाध्याय, पूर्वीय साहित्य सिद्धान्त, ते.सं. (काठमाडौंः साझा प्रकाशन, २०५५) पृ. २७ ।

आलम्बनको रूपमा मृत्यु वा अनिष्टको प्राप्ति रहेको हुन्छ भने आश्रय आलम्बनको रूपमा वियोग खप्ने, आफन्त वा मन परेको वस्तु गुमाउने पात्र रहेको हुन्छ, जसले शोकको अनुभव गर्दछ । उद्दीपन विभाव अन्तर्गत प्रिय पात्रको संझना, गुणको स्मरण, सपना दर्शन, मृत्युको दृश्य आदि पर्दछन् । अनुभाव अन्तर्गत क्रन्दन, चिच्याहट, मुर्च्छा, भाग्यनिन्दा, दैवपुकार, स्तम्भ, स्वरभङ्ग वैवर्ण्य, अश्रु प्रलय जस्ता भावहरू पर्दछन् । सञ्चारी भावअन्तर्गत भने आवेग, दैन्य, जडता, मोह, विबोध, अपस्मार, मरण, अमर्ष, व्याधि, सन्त्रास, विषाद, ग्लानि, चिन्ता, स्मृति, श्रम आदि पर्दछन् । जस्तो-

मेरो अन्तिम भेट सम्म नगरी निस्की गइस् साँझमा
यी आफ्ना परिवार र प्यार घरको छाडी गइस् माझमा
के कस्तो गरूला म उन्नत्ति भनी सोचेर टाढा गइस्
भित्री चोट बताउनै नसकिने झन् शोक गाढा भइस्

मनः स्थिति /१५

यहाँ कवि भरतराज पन्तको कान्छो छोरा रमेशराजको वियोग भएको छ । यहाँ पुत्र विषयालम्बन हो भने कवि आश्रय आलम्बनका रूपमा रहेका छन् । साँझको वातावरणले उद्दीपन विभावको रूपमा काम गरेको छ । पुत्र शोकको अव्यक्त पीडाले गर्दा रोदन, प्रलाप, विषाद चिन्ता आदि सञ्चारीभावहरूका रूपमा रहेका छन् भने स्थायी भावको रूपमा रहेको शोकभावलाई विभाव, अनुभाव र व्यभिचारी भावले जागृत, उद्दीप्त, अनुभवयोग्य र परिपुष्ट तुल्याउदै रसरूपमा परिवर्तन गरेकाले करुण रसको सशक्त प्रस्तुति भएको छ ।

### २.३.८ करुण रसको आस्वाद

रसास्वादलाई पूर्वीय आचार्यहरूले भौतिक आनन्दभन्दा विशिष्ट किसिमको या अलौकिक आनन्दका रूपमा अनिर्वचनीय भन्दै यसको स्वरूप आनन्दात्मक आस्वाद हुने बताएका छन् । तर केही आचार्यहरू, रूद्रभट्ट, धनिक, रामचन्द्र तथा गुणचन्द्र आदिले भने रसलाई सुख-दुखात्मक हुने बताउदै करुण रसलाई दुखात्मक अनुभूतिका

रूपमा चिनाएको पाइन्छ ।[४४] यी आचार्यहरूको के मत छ भने करुण, रौद्र, वीभत्स र भयानक रसहरूमा अनिष्ट विभावादि रहने हुँदा दुःखात्मक अनुभूति हुने गर्छ । दुःखबाट दुःखकै आविर्भाव हुन्छ भन्ने मान्यता राख्दै करुण रसमा कसैको मृत्यु, विलाप, विरह, या यस्तै अभिशाप पूर्ण विपत्तिहरूको वर्णन गरिने हुँदा तिनको प्रभाव दुखात्मक नै हुने गर्दछ भनिएको छ ।

यस्ता केही आचार्यहरूले उठाएको मत प्रासङ्गिक देखिए पनि रसको जुन आनन्दात्मक स्वरूपको परिकल्पना गरिएको छ त्यो नै वास्तविक ठहर्दछ किनकि शोक विषयवस्तुलाई लिएर लेखिएका काव्यको प्रभाव दुःखात्मक हुने भए सर्जक र भावकहरू यस्ता रचना गर्न किन उत्साहित हुन्थे होलान् र ? मान्छे जीवनमा आनन्दप्राप्तिको लागि नै क्रियाकलाप गर्दछ । दुःखबाट त सधै टाढा रहन चाहन्छ । यदि शोककाव्यबाट दुःखप्राप्ति हुने भए उसले किन रचना गर्थ्यो होला र ?

यस्तो जिज्ञासाको समाधान पनि अचार्यहरूकै अवधारणाहरूमा व्यक्त भएको पाइन्छ । भट्टनायकले रसास्वादका क्षणमा सामाजिकको चेतना सांसारिक मोहको जालोरूपी सङ्कटबाट मुक्त हुँदै देश काल र वैयक्तिकताका सीमाहरू समाप्त भई विभावादिको साधारणीकरण गरेर रस भोग गरिने हुँदा संसारिक दुःखात्मकताको त्यहाँ संभावना नै हुन्न भनेका छन् । यसैगरी अभिनव गुप्तले लौकिक जगतमा स्थायी भाव सुख-दुखात्मक हुने भए पनि रस रूपमा अभिव्यक्ति हुँदा त्यो आनन्दमय आत्मस्वाद बनेको हुन्छ । साधारणीकरण हुँदा करुण रस व्यक्ति शोक समाप्त भएर आनन्दघन आत्मस्वादका रूपमा रहन्छ भनेको पाइन्छ ।[४५] विश्वनाथले पनि स्पष्ट रूपमा यस्तै अवधारण व्यक्त गरेका छन् । यस्तै जगननाथले काव्यगत लौकिक अरमणी शोकादिबाट पनि अलौकिक रमणीय आह्लाद प्रप्त हुन्छ भनेको पाइन्छ ।[४६]

संस्कृत साहित्यचार्यहरूले यसरी शोक भावबाट साधरणीकरण भई आनन्द प्राप्त हुन्छ भनेका छन् । वास्तवमा शोक कृतिहरू पढ्दा ती कृतिका पात्रसँग पाठक

---

[४४] विष्णुप्रसाद पौडेल, पूर्ववत् पृ. १३५ ।

[४५] विष्णुप्रसाद पौडेल, पूर्ववत् पृ. १३५ ।

[४६] विष्णुप्रसाद पौडेल, पूर्ववत् पृ. १३६ ।

आफैले साक्षात्कार गरेर देश, भूगोल र वैयक्तिक सीमाभन्दा माथि उठेर रोचक अनुभूतिमा आनन्द प्राप्त गरेकै हुन्छ । यहाँ साधरणीकरणको माध्यमबाट शोकाकुल मनोदश प्रशोधित हुन्छ र शोकानुभूतिमा दुःखको शतांश निषेध नभए पनि सुखको अत्यधिक प्रवलता रहेको हुन्छ । यही सन्दर्भमा करुण रस आनन्दात्मक नै रहन्छ । पाश्चात्य जगतमा पनि त्रासदीले शोक र करुण जस्ता मनोभावको विरेचन गरेर व्यक्तिलाई मानसिक स्वस्थता प्रदान गर्छ भनेको पाइन्छ ।

## २.३.९ निष्कर्ष

परापूर्वकालमा साहित्यको पर्यायका रूपमा काव्यलाई लिइएको पाइए पनि आधुनिक सन्दर्भमा काव्य भन्नाले मझौला आयामको कविता विशेषलाई बुझिन्छ । पूर्वीय जगतमा करुण रसात्मक मभौला आयामको प्रबन्धकाव्यलाई शोककाव्य भनेको पाइन्छ भने पश्चात्य जगतमा प्रियजनको विछोड, वियोग, र मरणबाट हुने शोक अभिव्यक्तिको प्रधानता रहेको काव्यलाई elegy भनेको पाइन्छ । हरेक मानिसमा शोकभाव संस्कारको रूपमा रहेको हुन्छ । इष्टको वियोग र अनिष्टको प्राप्ति भएपछि विभाव, अनुभाव र व्यभिचारी भावले क्रमशः जाग्रत, उद्दीप्त, अनुभवयोग्य र परिपुष्ट तुल्याउदै लगेर शोकभाव रसरूपमा साधरणीकरण भई करुण रसको अभिव्यक्ति हुन्छ । यही करुण रस स्थायी भावको रूपमा रहेको काव्यलाई शोककाव्य भनिन्छ ।

परिच्छेद तीन

# भरतराज पन्तको जीवनी, व्यक्तित्व, कृतित्व, विशेषता र योगदान

## ३.१ भरतराज पन्तको जीवनी

### ३.१.१ जन्म र नामकरण

भरतराज पन्तको जन्म वि.सं. १९८६ साल असार ३० गते शनिवारका दिन काठमाण्डौ फसिकेवमा मणिदत्त पन्तकी कान्छी धर्मपत्नी ललिताकुमारीका कोखबाट भएको हो ।[४७] उनको जन्म नक्षत्रअनुसारको नाम ठाकुरदत्त हो, तर पनि औपचारिक प्रमाणपत्रहरूमा र प्रचलित साहित्यिक नाम चाहिं भरतराज पन्त नै रहेको पाइन्छ ।[४८]

### ३.१.२ जन्मकालगत युगीन सन्दर्भ

भरतराज पन्तको जन्मकालगत युगीन सन्दर्भलाई नियाल्दा उनको जन्म नेपाल अधिराज्यको राजधानी काठमाडौंमा भएको थियो । राजनीतिक परिवृमा भने प्रजातान्त्रिक उदात्त भावका राजा श्री ५ त्रिभुवनको शासनकालअन्तर्गत श्री ३ चन्द्रशमशेरले शासनको बागडोर चलाएका थिए । काठमाडौंका विद्वान् ब्राह्मण परिवारमा उनको जन्म भएको थियो । यिनका हजुरबा लक्ष्मीदत्त पन्त (इन्दु) तथा पिता मणिदत्त पन्त थिए । मणिदत्त पन्त बडागुरुज्यू हेरम्बराजका ज्वाँइ थिए । यसरी भरतराज पन्तको जन्म राष्ट्रिय राजनीतिक सन्दर्भमा श्री ३ चन्द्र शमशेरको शासनकालका अन्तिम दिनहरूमा भएको पाइन्छ भने अन्तराष्ट्रिय जन्मकालीन परिवश भने सन् १९२९ रहेको थियो । नेपालमा १९७७ मा घटेको लाइब्रेरी पर्वले गर्दा भरतराज पन्तका पिताले आफ्ना सबै काव्यकृतिहरू मकलमा जलाइदिएर साहित्य साधनाबाट नै विमुख भएका थिए[४९] तर पनि मणिदत्त पन्त विद्वान् कवि लक्ष्मीदत्त पन्तका सन्तान भएकाले साहित्यप्रतिको अनुरागले गर्दा उनी फाट्टफुट्ट रचना भने गर्दथे । राणशासनको चर्का दमनका विरूद्ध श्री ५ त्रिभुवनको जनसमर्थन गुप्तरूपमा

---

[४७] भरतजङ्ग उप्रेती, भरतराज पन्तः जीवनी र साहित्य, (नुवाकोटः श्रीमती कृष्ण थापा २०४०) पृ.३ ।

[४८] भरतराज पन्तबाट प्राप्त जानकारी ।

[४९] भरतराज पन्तबाट प्राप्त जानकारी ।

स्थापित हुँदै विद्रोहको निम्ति उर्जा थप्दै गरेको अवस्था देश भित्र थियो । अन्तराष्ट्रिय सन्दर्भ अन्तर्गत भारतमा अङ्ग्रेजी साम्राज्यविरूद्ध राष्ट्रिय स्वतन्त्रता संग्रामको लडाइँ चर्कदो थियो । असन्तुष्टिको विरुद्ध आन्दोलन उठिरहेको सामन्तयुगीन परिवेशमा सचेत शिक्षित ब्राम्हण, मध्यमवित्तीय परिवारमा भरतराज पन्तको जन्म भएको देखिन्छ ।

### ३.१.३ वंशानुगत पृष्ठभूमि भरतराज पन्तका कवि व्यक्तित्वसँग त्यसको अन्तःसम्बन्ध

भरतराज पन्तमा जुन काव्यिक शाश्वत प्रतिभा छ त्यसको वंशानुगत सम्बन्धकाबीच गहिरो अन्तःसम्बन्ध देखापर्छ । भारद्वाज गोत्रीय ब्राह्मण जातीय पन्तहरू भारतको प्रयागका चर्चित विद्वान पण्डितको रूपमा गनिन्थे । यिनीहरू संस्कृत काव्य कलाका विद्वान थिए ।[५०] प्रायागका चर्चित विद्वान इन्दिरापतिका नै भाइ छोराहरू मध्ये कान्छा छोरा रमापति र उनका दाजु लक्ष्मीपति पन्त मुक्तिनाथका दर्शन गर्न नेपाल आएका थिए ।[५१] मुक्तिनाथको दर्शन गरी घर फर्कने क्रममा कालीगण्डकीको किनारमा अति मनोहर दृश्य देखेर वाग्लुङ्ग जिल्लामा पर्ने गैरागाउँ[५२] भन्ने ठाँउमा बसोबास गर्न थाले । भवदत्तका ५ भाइ छोराहरू मध्ये काइला ज्वालादत्त ज्योतिष र कर्मकाण्डका प्रकाण्ड विद्वान थिए । कान्छा सुकृतिदत्त भने संस्कृतका प्रसिद्ध महाकवि भएका थिए । उनको 'कार्तवीयोदय' महाकाव्य संस्कृत महाकाव्य परम्पराको रोचक प्राप्ति भएको छ । ज्वालादत्त र सुकुतिदत्तलाई वि.सं. १९०३ सालमा बडागुरूज्यू विजयराजबाट संस्कृत अध्यापनका लागि काठमाण्डौ भिकाइएको थियो ।[५३] यसरी संस्कृतका प्रकाण्ड विद्वान पन्तहरू वाग्लुङ्गबाट आई काठमाण्डौको गुच्चाटोलमा बसोबास गर्न थाले । माध्यमिककालीन शृङ्गारिक धाराका विख्यात कवि तथा मोती मण्डलीका चर्चित व्यक्तित्व लक्ष्मीदत्त पन्त (इन्दु) ज्वालादत्तका नाति तथा अग्नि

---

[५०] भरतराज पन्तबाट प्राप्त जानकारी ।

[५१] भरतजङ्ग उप्रेती, पूववर्त पृ. १ ।

[५२] ऐजन ।

[५३] भरतराज पन्तबाट प्राप्त जानकारी ।

दत्तका छोरा थिए ।[५४] लक्ष्मीदत्त पन्त माध्यमिककालीन नेपाली साहित्यका एक उज्वल तारा हुन् । उनका शृङ्गरिक भावधाराका कविता गजलहरूले नेपाली साहित्यको भण्डार बृद्धि भएको छ । लक्ष्मीदत्तका मणिदत्त र तर्कदत्त नामका दुई छोरा जन्मेका थिए ।[५५] मणिदत्तको विवाह १४ वर्षको उमेरमा बडागुरूज्यू हेरम्बराजकी माइली छोरी गुहेश्वरीका साथ भएकोमा दुई जना छोरी जन्माएर उनको स्वर्गारोहण भयो । उनीबाट पुत्र जन्मिए पनि बाँच्न सकेनन् र मणिदत्त पन्तको दोस्रो विवाह ललिताकुमारीसँग भयो[५६]। यसरी मणिदत्त पन्तकी दोस्रो धर्मपत्नी ललिताकुमारीका गर्भबाट भरतराज पन्तको जन्म भएको हो । नियतिका अनेकौ अभिशापपूर्ण प्रहारबाट जीवनका आरोह-अवरोहरू पारगर्ने सिलसिलामा भरतराज पन्तको कवि व्यक्तित्वको महत्त्वपूर्ण भूमिका राख्दछ । साथै तीन वर्षे मातृहीन पन्तलाई उनको पिता मणिदत्त पन्तको स्नेहपूर्ण व्यवहारको गहिरो प्रभाव पर्दछ । यस्ता टुहुरे बालकलाई हुर्काउन मणिदत्त पन्तले ज्यादै दःख व्यहोर्नु परेको कुरालाई भरतराज स्वयम्ले दोभान महाकाव्यमा यसरी प्रकाश पारेका छन् :

मातृहीन कविका शिशुलीला
अङ्ग-अङ्ग सुकुमार कलिला
हल्लने चपल-दीप हवाले
साचिए सकससाथ बुवाले
(दोभान पृ. १५)

प्रयागका इन्तिरापति चर्चित कवि नै थिए । उनकै वंशवृत्तका महाकवि सुकृतिदत्तको महाकाव्यात्मक कवि व्यक्तित्वले उल्लेखनीय महत्त्व राख्दछ । लक्ष्मीदत्त पन्तको काव्यिक प्रतिभा माध्यमिक कालीन नेपाली साहित्यको लागि अमूल्य सौगातको रूपमा रहेको छ । मणिदत्त पन्तमा पनि प्रशस्त आनुवंशिक कवित्व थियो । उनी

---

[५४] भरतराज पन्त पूववत् पृ. २ ।

[५५] भरतराज पन्तबाट प्राप्त जानकारी ।

[५६] भरतराज पन्त पूर्ववत् पृ. ७ ।

माध्यमिककालका उत्तरार्द्धका विख्यात आशुकवि शम्भुप्रसाद ढुङ्गेलका मित्र थिए र कविता पनि लेख्ने गर्दथे ।[५७]

१९७७ सालको लाइव्रेरी पर्व पछि राणाहरूको कोपभाजनबाट बँच्न भएभरका रचना जति मकलमा च्यातचुत पारेर जलाएर मणिदत्त पन्तले काव्य सिर्जनाबाट अलग रहन बाधय भए पनि संस्कृत साहित्यका अमरग्रन्थहरू लयात्मक वाचन गर्ने गर्दथे । पिताले वाचन गरेको छन्दलयको गहिरो प्रभाव ममा पऱ्यो भनेर यस पङ्तिकारलाई भरतराज पन्तले वताएका छन् । पितामा प्रचुर मात्रामा स्मरणधारण शक्ति र काव्य प्रतिमा हुदाँहुदै पनि मतलवी र वैगुनी समाजले गर्दा उनले काव्य रचना गर्न सकेनन् ।[५८] भने कुरा भरतराज पन्तले दोभान महाकाव्यमा यसरी लेखेका छन् -

स्मरण-धारण शक्ति दीक्षित
कवि र काव्यमा योग्य शिक्षित
मणि थिए तिनी काँचझैं भए
सुन थिए कठै ! पित्तलै भए ।
(दोभान पृष्ठ ३)

माध्यमिक कालीन पूवार्धका चर्चित कवि लक्ष्मीदत्त पन्तका नाति तथा मणिदत्त पन्तका एकमात्र छोरा भरतराज पन्तमा कविप्रतिभा अनुवंशिक संस्कारका रूपमा पितापुर्खादेखि सर्दै आएको देखिन्छ । भरतराज पन्तको कवि व्यक्तित्वमा आनुवांशिक संस्कारका अतिरिक्त जीवनमा आइपरेका अनेकौ अभिशापपूर्ण त्रासदीय घात अन्तर्धातमा मर्माहित हुदाँहुदै पनि उनको अभ्यान्तरिक प्रतिभाको सृजनात्मक अभियान निरन्तर व्युत्पति र अभ्यासको माध्यमबाट मृदु-मिष्ट सृजनात्मक यात्रामा अगाडि बढेको पाइन्छ ।

---

[५७] बासुदेव त्रिपाठी, पूर्ववत्, पृ. ४ ।
[५८] भरतराज पन्त पूर्ववत् पृ. ७ ।

### ३.१.४ बसोबास

वि.सं. १९६२ साल फागुनमा हैजाको महामारी आएर लेप्टेन कविवर लक्ष्मीदत्त पन्त 'इन्दु' को मृत्यु भइसके पछि भरतराज पन्तका पिता मणिदत्त पन्तलाई उनका ससुर बडागुरूज्यू हेरम्वराजले आफ्नो घर फसिकेवमा लगि राखेका थिए ।[५९] जागीर तथा नियमित आम्दानीको स्रोत नभएकाले मणिदत्त पन्तले गुच्चा टोलको पैतृक घरघडेरी बेचेका थिए । मणिदत्त पन्त स्वाभिमानी स्वभावका भएकाले ससुरालीमा धेरै रहन सकेनन र दुई हजार रूपैया ऋण लिएर कुशले चौरमा तीन रोपनी जग्गा समेत भएको घर किनेर उनको स-परिवार वि.सं. १९९२ मा आफ्नै नयाँ घर सरेको थियो । १९९९ चैत्रमा भरतराज पन्तका पिता मणिदत्त पन्तको मृत्यु भएकाले भरतराज पन्त १५ वर्षको अल्लारे उमेरमै घरको मूली बन्नु परेको थियो । पछि बाबुको पालाको ऋण तिर्नु पर्ने तागिता भएपछि भाँडाकुँडा लगायत विवाहमा दाइजो आएका खड्कुला गाग्रीहरू समेत बेच्दा पनि ऋण चुक्ता नभएर घरजग्गा समेत बेच्न बाध्य हुन्छन् । सवैभन्दा गहिरो अभिशाप त्यही घरवारीको विक्री हो[६०] भनेर कविले पश्चाताप व्यक्त गरेका छन् । सर्तअनुसार बेचेको त्यही घरमा एक वर्ष बस्छन् । २००३ साल मा श्री पञ्चमीको शुभमुहूर्तमा त्यही टोलमा एउटा दुईकोठे सानो घर[६१] जोडेर बस्छन् । हाल सामाखुशी पवित्रनगरको अर्को आफ्नो घरमा २०६३ बैशाखदेखि बस्दै आएका छन् ।[६२]

### ३.१.५ बाल्यअवस्था/बाल्यस्वभाव तथा मातृवियोग

भरतराज पन्तको बाल्यकाल ज्यादै कष्टमय र संघर्षपूर्ण वातावरणमा गुज्रिएको देखिन्छ । उनले वि.सं. १९८९ फागुनको द्वादशीका दिन[६३] तीन वर्षको अबोध अवस्थामा नै मातृवियोग सहनु पऱ्यो र सोही समयमा अतिसार रोगले ग्रष्त समेत पारेको थियो । सो रोगबाट लगभग उनलाई माया मारिसकेको अवस्थामा उनका

---

[५९] भरतराज पन्तबाट प्राप्त जानकारी ।

[६०] भरतराज पन्त, भरतराज पन्त, (काठमाडौंः दुङ्गा अड्डा प्रकाशन वि.सं २०४९) ।

[६१] भरतराज पूर्ववत् पृ. ३० ।

[६२] भरतराज पन्तबाट प्राप्त जानकारी ।

[६३] भरतराज पन्तबाट प्राप्त जानकारी ।

बुवाका मामा पद्मराज तिवारीका उपचारबाट उनले पुनः जीवन पाएको बुझिन्छ ।[६४] सानामा एउटा शीशी ल्याउँदा चिप्लिएर टुक्रा-टुक्रा भई उनको दाहिन हातको बूढी औलाको फेदमा गडिई रगतको भल बगेको र पिताले जुक्ति बुद्धिले शीशीको टुक्रो झिकी रगत रोकी बज्रपट्टी बाँधिदिएकाले एक महिना जतिमा घाउ सफा भएको[६५] जानकारी पाइन्छ । भरतराज पन्त स्वयम्ले खाफ्नो बाल्यकालको दुःखको वारेमा यस्तो लेखेका छन्:

"शायद त्यसैले भाग्य रेखा कोटिएर हो कि जीवनमा सुख-शान्तिको अनुहार देख्न नपाएको बालक छदा त कहिल्यै रोगले छाडेन सधैंको घरमा जगजगी, कति झारफूक, कति जन्तरबूटी, कति बैदे कति गोता मेरो बुबालाई ।"[६६]

यसरी भरतराज पन्तको आफ्नै टिप्पणीबाट पनि उनी सानामा रोग-विरामले थलापरिरहेको स्पष्ट हुन्छ । उनलाई १९९० सालको भुकम्पको विनाश र क्षतिको समेत अनुभव छ । १९९२ सालमा कुश्लेचौरको पौने तीन रोपनी बारी भएको झिगटी छाने दुईतले घरमा आएर वसिसके पछि त्यहाँको खुल्ला प्रकृति, बकैनो, काँगियो आदि रूखहरू भोगटे, सुन्तला जुनार, कीप, नासपाती, आरू, अम्बा आदि फलफूलका विरूवाहरूको रमाइलो छटा, विष्णुमतीको पावन पवन, शोभा भगवतीको मन्दिरमाथि झ्याम्म परेको डाँडामा ठूला-ठूला आँखा भएको स्वयम्भूको स्तूप, रातमा झिलिमिलि बत्ती, दिनमा टोले बालबालिका, दूबै-दूबो भएको चोक, दगरा-दुगुर, स्वर्गीय आनन्द ।[६७] भनी उनले आफ्नो प्रकृतिप्रेमी शान्त, सुशील बाल्यस्वभावको वर्णन गरेका छन् ।

[६४] भरतराज पन्त पूर्ववत् पृ. १० ।
[६५] भरतराज पन्त पूर्ववत्  पृ. ११ ।
[६६] भरतराज पन्त पूर्ववत् पृ. १२ ।
[६७] भरतराज पन्त पूर्ववत् पृ. १५ ।

भरतराज पन्तको ब्रतबन्ध वि.सं. १९९३ माघ २० गते[६८] हुन्छ । उनका पिता मणिदत्त पन्त पनि साहित्यिक व्यक्तित्व भएको हुदाँ पितासँग सम्पर्क भएका साहित्यकारहरूसँग बाल्यकालनै भरतराज पन्तको पनि चिनजान बढ्दै जान्छ ।

### ३.१.६ अक्षरारम्भ

भरतराज पन्तको अक्षरारम्भ[६९] पाँच वर्षको उमेरमा उनका पिताबाट भएको बुझिन्छ । श्री ५ त्रिभुवनको चित्रवाला गाता भएको, चन्द्रकलादेवीले बनारसमा छपाएर ठूलो वर्णमालाको पुस्तक[७०] सर्वप्रथम पाउँदा उनी ज्यादै खुशी भएको जानकारी भेटिन्छ । औपचारिक शिक्षाको प्रचलन नभएको त्यस अवस्थामा उनका बुबाका मामाका छोरा गुणराज तिवारीसँग हिसाव पढेको र ज्ञानराज तिवारीसँग लघुकौमुदी पञ्चन्धिसम्म पढेको, पं राधानाथ लोहनीको घरमा रधुवंश पढ्न गएको र रघुवंशको २, ४, ५ सर्ग तथा शिशुपाल बध १-२ र नैषध १ सर्ग पढेको[७१] जानकारी पाइन्छ । यसरी आफ्नै पिता तथा आफन्त गरुजनबाट परमपरागत संस्कृत ग्रन्थहरूको अध्ययन सुरुगरेका भरतराज पन्तले बुवाको आलमारीबाट पुराना मुद्रित र लिखित कितावहरू पढ्ने गर्थे । त्यस्ता अध्ययन सामग्रीहरूमा भानुभक्तको रामायण बालकाण्ड, बधूशिक्षा, रामगीता, मोतीरामको गफाष्टक, पञ्चकप्रपञ्च, गोपीनाथको सत्य दुर्गाभाषा, लेखनाथका ऋतुविचार, सत्यकलिसंवाद, लक्ष्मीपूजा नाटक, बुद्धिविनोद र श्री ५ पृथ्वीवीरविक्रम शाहदेवको स्वर्गवास हुँदा राजीवलोचन जोशी, गोपीनाथ लोहनी र शम्भूप्रसाद[७२] आदिले लेखेका शोक कविताहरू रहेको जानकारी पाइन्छ ।

तीनधारा संस्कृत पाठशालाका संस्कृत गुरूहरूसँग चिनजान र सम्पर्क वि.सं. १९९८ सालबाट नै भए पनि विभिन्न पारिवारिक कारणहरूले त्यहाँ उनको औपचारिक

---

[६८] ऐजन ।

[६९] भरतराज पन्त पूर्ववत्. पृ. १३ ।

[७०] भरतराज पन्त पूर्ववत् पृ. १३ ।

[७१] भरतराज पन्त पूर्ववत् पृ. १७ ।

[७२] ऐजन ।

पठनपाठन हुन सकेको थिएन ।[७३] उनले अनौपचारिक अध्ययन भने गर्दै रहे । वि.सं. १९९६ साल को 'शहीदकाण्ड' मा शोभा भगवतीको सामुन्ने बगरमा बली दिए जस्तै बाँसमा टाँगेर गोली हानी मारिएका दशरथचन्द र गंगालालको लाशको छातीका टीनका टुक्रामा कालो अक्षरमा "राजद्रोही अपराधीलाई यस्तो सजाय हुन्छ[७४] भनेर लेखिएको आफ्नै आँखाले देखेका थिए । यसै क्रममा २००४ सालको 'जयतु संस्कृतम्' आन्दोलनमा आन्दोलनकारीहरूको नामावलीमा उनको पनि नाम र हस्ताक्षर भएपनि संकीर्ण मनोवृति, कुपमण्डुकता, सामाजिक थाङ्नेपन, अशिक्षा, गरिबी र स्वास्थ्को कमजोरीले आत्मबल पनि सारै फितलो भएकाले क्रान्तिमा भाग लिने मौका गुमाएकोमा पश्चाताप समेत गरेको पाइन्छ ।[७५] उनले २००५ सालमा ज्वराक्रान्त भएर पनि परीक्षा दिए तर सफल भएनन् ।

## ३.१.७ विद्यालयीय शिक्षा र उच्च शिक्षा प्राप्ति तथा कवित्वको अन्तर्विकाससँग त्यसको सम्बन्ध

वि.सं. २००६ साल माघ २१ गते त्यस बेलाका शिक्षा निर्देशक तथा राजगुरू नयराज पाण्डेज्यूको सौजन्यले[७६] तीनधारा संस्कृत छात्रवासमा भर्ना भए र नयराज पाण्डेले नै उनको नाम भरतराज राखेको पाइन्छ । श्री पञ्चमीको दिन एक श्लोक मात्र भएपनि अनिवार्य कविता लेख्ने परमपराले पर्दा उनमा कवितासम्बन्धी सुषुत संस्कारमा जागरण[७७] आएको जानकारी पाइन्छ । यसै क्रममा २००७ सालमा प्रथम परीक्षा पास गरे भन २००९ र २०१४ सालमा क्रमशः सम्पूर्ण मध्यमा र शास्त्री परीक्षा द्वितीय श्रेणीमा पास गरे ।[७८] यसै क्रममा २०१३ सालको विद्यार्थी आन्दोलनमा सहभागी रहेको जानकारी पाइन्छ । त्यसमा भूगोल पार्कमा भएको आमसभामा उनले

---

[७३] भरतराज पन्तबाट प्राप्त जानकारी ।
[७४] भरतराज पूर्ववत् पृ. २१ ।
[७५] भरतराज पूर्ववत् पृ. ३१ ।
[७६] ऐैजन ।
[७७] भरतराज पूर्ववत् पृ. ३२ ।
[७८] भरतजङ्ग उप्रेती, पूर्ववत् पृ. ६ ।

'संघर्ष मैदान' भन्ने कविता पाठ गरेको बुझिन्छ ।[७९] त्यस्तै २०१५ सालमा आचार्य प्रथम खण्ड पास गरेका थिए ।[८०] वि.सं. २०१६ सालमा खर्चको अभाव भएकोले तत्कालीन अर्थमन्त्री सुवर्ण शमशेरबाट प्रतिब्यक्ति भारू २०० दिने निर्णय भएपछि वनारस परीक्षा दिन गएका तर सफल नभएको बुझिन्छ ।[८१] वि.सं. २०१९ सालमा त्रिभुवन विश्वविद्यालयबाट लिइएको आचार्य परीक्षामा सहभागी भई द्वितीय श्रेणीमा पास भएको पाइन्छ ।[८२] घरमा २०१८ सालतिर नै श्रीमतीको मनस्थिति खलबलिने लक्षण देखापर्न थालेको, वि.सं. २०२८ सालमा जेठो छोरो दिनेशले विष खाएर आत्महत्य गरेको, र २०२९ सालमा श्रीमतीलाई पागल खाना पठाउन बाध्य हुनपरेको शोक, अभाव र अभिशापपूर्ण परिप्रेक्षमा पनि उनको उच्च शिक्षा प्रतिको धोको बढ्दै गएकाले संस्कृत साहित्याचार्य भइसकेर पनि निरन्तर अधययनशील बन्दै २०३२ सालमा त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयको एम.ए. परीक्षा दिएर द्वितीय श्रेणीमा उत्तीर्ण भएको देखिन्छ ।[८३]

यसरी भरतराज पन्तको अध्ययनको डोरेटोमा विभिन्न विषम परिस्थितिहरू अड्चनका रूपमा आएको बुझिन्छ । उनी स्वयम्को प्रतिकूल सवस्थ्य, कमजोर आर्थिक अवस्था र अभिशापपूर्ण पारिवारिक परिस्थितिका विरूद्ध निरन्तर संघर्ष गर्दै ४६ वसन्तसम्मको लामो अवधिभर शैक्षिक अध्ययनमा अनवरता अघि बढेको पाइन्छ । यसक्रममा  छात्रावास, छात्रसङ्गत र छात्रसङ्घर्षबाट प्रेरणा पाएर उनी कविता लेखनमा उत्साहित समेत भएको पाइन्छ ।

### ३.१.८ पारिवारिक जोवनः अभाव, अभिशाप र विसङ्गतिको सामना

तीन वर्षको बाल्य उमेरमा मातृहीन भएका भरतराज पन्तको विवाह भएको ६ दिनकै दिन वि.सं. १९९९ सालमा पिताको पनि मृत्यु भएको थियो । विवाहको

---

[७९] भरतराज पन्त पूर्ववत् पृ. २८ ।

[८०] ऐजन ।

[८१] भरतजङ्ग उप्रेती, पूर्ववत् पृ. ६ ।

[८२] भरतराज पन्त पूर्ववत् पृ. ४२ ।

[८३] भरतजङ्ग उप्रेती, पूर्ववत् पृ. ७ ।

रमझमको समयमै अभिशापपूर्ण पितृशोकमा डुबेर घरको मूली बन्नु पर्ने बाध्यतासँगै उनको पारिवारिक जीवन सुरु भएको देखिन्छ । जन्मेदेखि नै रोग, शोक र टुहुरोपनको अव्यवस्थित र कारुणिक अवस्थाबाट गुज्रिएका पन्तको पारिवारिक जीवन पनि अभाव, अभिशाप र विसङ्गतीको चक्रव्यूहमा परेको देखिन्छ । परिवारमा संख्या थपिने क्रममा २००४ मंसीरमा जेठो छोरोको जन्म हुन्छ ।[८४] २००६ सालमा जेठी छोरी कल्पना २००८ सालमा कान्छो छोरा रमेश र २०१० सालमा छोरी मुना जन्मिएपछि चार सन्तानका पिता भरतराज पन्तले दम्पतीको सल्लाह भएर नै महिला अस्पतालको डाक्टर रानी साहेबद्वारा परिवार नियोजनको शल्यक्रिया गराएको पाइन्छ ।[८५] यसरी पारिवारिक जीवन व्यवस्थित बनाउने उनको योजना भए पनि उनको गृहस्थी जीवन अभाव अभिशाप र पारिवारिकरूपमा जीवनसङ्गिनी विक्षिप्त भएबाट उनले अनेक दुर्नियति र विसङ्गतिको घात-प्रतिघातमा लड्दै अगाडि बढ्नु पऱ्यो । २०२८ सालमा जेठो छोरो दिनेशले विष खाएर आत्महत्या गरे भने पत्नीको विमार बढ्दै गएकाले सुरक्षाको लागि भए पनि २०२९ सालमा पागलखानामा थुनाउनै पऱ्यो ।[८६] २०३० सालमा प्रेमविवाह गर्न चाहने छोरी कल्पनाको पारिवारिक जीनव रमाइलो बन्न सकेन । यसैक्रममा २०३१ सालमा कान्छो छोरा रमेशराजको विवाह विना समारोह शुभाभगवतिमा हुन्छ ।[८७] २०४८ सालमा मनकामना दर्शन गर्न भनी हिडेको रमेश राजको रहस्यमा हत्या पोखराको पाताले छाँगामा अभिशापपूर्ण रूपमा भएको हुँदा र उनका नातिनीहरूमात्र भएका हुँदा उनले यस्तो लेखेका छन् -

छोरो मात्र गएन आज बलियो त्यो बंश खम्वा गयो !
साचेको धनको भविष्य जतिको त्यो सारा जम्वा गायो !
आफ्नो बान्धव इष्ट-मित्रतकको संसार सारा गयो !
मेरो निम्ति रहयो र के प्रगति त्यो मूल धार गयो !

---

[८४] भरतराज पन्त पूर्ववत् पृ. ३० ।
[८५] भरतराज पन्त पूर्ववत् पृ. ३४ ।
[८६] भरतराज पन्त पूर्ववत् पृ. ५० ।
[८७] भरतराज पन्त पूर्ववत् पृ. ५३ ।

यसरी पारिवारिक रूपमा भरतराज पन्तले एक पछि अर्को शोक, अभाव र भत्कोषको सामना गर्नु परेको देखिन्छ । वि.सं. २०४५ सालमा पागलखानामा राखिएको विक्षिप्तलाई नबाँचने ठहऱ्याए जेलरले घर पठाएपछि वि.सं २०५१ मा मृत्यु भएको पाइन्छ । पारिवारिक असङ्गतिमा अनेक मर्मान्तकारी कारुणिक घात-प्रतिघात सहेका पन्तको पछिल्लो समय भने अलि स्थिर र सङ्गतिपूर्ण रहेको पाइन्छ ।

### ३.१.९ आर्थिक अवस्था

आर्थिकरूपले निम्नमध्यम परिवारमा जन्मिएका भरतराज पन्तले आर्थिक अभाव र सङ्कटको कडा सामना गर्नु परेको देखिन्छ । चौध वार्षको अल्लारे उमेरमा नै पिता मणिदत्त पन्तको मृत्यु भएको हुँदा र उनी मरेर जाँदा पैतृक ऋणसमेत भएकाले उनले घरका भाँडा-वर्तन समेत बेच्नु पऱ्यो । पछि ऋण तिर्न नसक्दा पैतृक सम्पतिको रूपमा रहेको घरजग्गासमेत बेच्नुपर्दाको अभिशापपूर्ण घटना भरतराज पन्तको जीवनमा पीडादायी घटनाको रूपमा रहेको छ । जीवन प्रारम्भिक अवस्थामा अभावै अभावमा बिताउनु परे पनि त्रि.वि.को सह-प्राध्यापक पदको जागीरबाट आएको आयस्रोत, साहित्यिक प्रकाशन, पुरस्कारबाट प्राप्त आयस्रोत आदिले उनको जीवनका पछिल्ला वर्षहरूमा आर्थिक प्रगति भएको देखिन्छ ।

### ३.१.१० कार्यक्षेत्र र आजीविका

भरतराज पन्तको आजीविकाको बाटो वि.सं २०१५ साल चैत ३० गतेका दिन तीनधारा संस्कृत पाठशालाको सरकारी शिक्षक पदमा नियुक्त भएका दिनदेखि भएको देखिन्छ ।[८८] यसरी अध्यापनबाट आजीविका चलाएका पन्तले उक्त पाठशालामा काम गर्नुका साथै अन्य विद्यालयहरूमा पनि पढाउने काम गरेका थिए । उनी बेलुका संस्कृत छात्रावासमा पढाउँथे, दिउसो नारी विद्यापीठ कालिकास्थानमा प्रधानाध्यापक भएर काम गर्थे, अपरान्ह वेद-वेदाङ्ग विद्यालयमा काव्य साहित्य पढाउँथें भने साँझ राष्ट्रिय

[८८] भरतराज पन्त, 'सस्मारण छात्रावासको' अरुणैदय, पृ. ४८ ।

विद्यापीठ नन्दिकेश्वर बहालमा विशारद र साहित्यरत्नको निमित्त नेपाली पढाउँथे ।[८९] विहानको समय कहिले पुजापाठ र प्रायः पौरोहित्य गर्न जान्थे ।[९०] त्यसपछि भने नेपाल राष्ट्रिय विद्यापीठ (वीरगन्ज) केन्द्रीय विद्यालय (काठमाण्डौ) मा स्नातक तहसम्म नेपाली विषय पढाउने कार्य गरेको पाइन्छ । यिनले आजीविका को क्रममा कविराज तीर्थराज वेद वेदाङ्ग विद्यालय र योगनाथ प्याकुरेलको विद्यालयमा पनि केही समयसम्म अधयापन कार्य गरेको पाइन्छ । उनले यति धेरै तिर पढाँउदा पनि आर्थिक गर्जो टार्न कठिन हुँदा ट्युसन समेत पढाएको पाइन्छ । वि.सं. २०२२ सालदेखि अलिअलि साहित्यिक आय पनि आउन थालेको आत्मस्वीकृति पाइन्छ ।[९१] वि.सं. २०२३ सालमा उनको अध्यापनबाट प्राभावित सम्पूर्ण छात्रहरूको हस्ताक्षर सहितको मागमा पनि उनलाई संस्कृत महाविद्यालयमा नियुक्ति नदिएकोले मनमा ठूलो चोट परेको थियो ।[९२] पछि सरस्वती कलेजका प्रधानाचार्य शङ्करराज पाठकले उनलाई नेपाली तथा संस्कृत पढाउने प्राध्यापक पदमा नियुक्त गरिदिए ।[९३] उनले यसै क्यम्पसमा केही समय नेपाली शिक्षण समितिको अध्यक्ष पद पनि सम्हालेको पाइन्छ । हाल उनी सेवानिवृत्त गृहस्थ जीवन चलाइरहेका छन् । यसरी भरतराज पन्तको आजीविकाको मुख्यस्रोत शैक्षिक जागीर नै रहेको पाइन्छ । यसका अतिरिक्त साहित्य र पौरोहित्य आदिबाट पनि आयस्रोत जुटेको पाइन्छ ।

### ३.१.११ पुरस्कार तथा सम्मान

भरतराज पन्तले साहित्यिक क्षेत्रबाट प्रशस्त सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् । उनले साहित्य लेखनको प्रारम्भमा लेखनाथ, भीमनिधि लगायतका महानुभावहरूबाट प्रशंसा र प्रोत्साहन पाएका थिए । यसै क्रममा २०१२ साल जेठ १४ गते स्टुडेण्ट युनियनको आयेजनामा सरस्वति सदनमा भएको प्रतियोगितात्मक कवि

---

[८९] भरतराज पन्त पूर्ववत् पृ. ४३ ।
[९०] ऐजन ।
[९१] ऐजन ।
[९२] ऐजन ।
[९३] ऐजन ।

सम्मेलन मा तृतीय भई 'कवि भुषण' पदक प्राप्त गरेका थिए । सोही अवसरमा सम तथा देवकोटाद्वारा प्रोत्साहन समेत प्राप्त गरेका थिए ।[९४] यसैगरी उनले 'कवि सम्मेलन रजतपदक' २०१४, 'कविगोष्ठी' २०१९, 'कवि सम्मेलन सुवर्णपदक' २०२६, 'कवि महोत्सव पुरस्कार' २०३१, 'गुणराज पुरस्कार' २०४४, 'शिक्षा दिवस पदक' २०४६, 'हरिहर शास्त्री पुरस्कार' २०४९, 'रूद्रराज पाण्डे पुरस्कार' २०४९, 'सीताराम प्रतिष्ठान मुक्ति पुरस्कार' २०५१, 'भानुसेवा पुरस्कार' २०५२, 'त्रि.वि. दीर्घ सेव पदक' २०५२, 'राष्ट्रिय प्रतिभा पुरस्कार' २०५३, 'गद्दीआरेहण रजत पदक' २०५३, 'राजीवलोचन जोशी पुरस्कार' २०५४, 'सुनकोशी प्रतिष्ठान विद्वत्वृति' २०५६, 'बाबा ओवीरसिंह पुरस्कार' २०५६, 'भूपालमान सिंह कार्की पुरस्कार' २०५७, 'प्रबल गोरखा दक्षिणबाहु पदक' २०५७, 'वासुदेव भट्टराई पुरस्कार' २०५८, 'मदनपुरस्कार स्वर्णवर्ष सम्मान' २०६२, 'आदिकवि भानुभक्त पुरस्कार' २०६२, 'नरेन्द्र वाङ्मय निधि सम्मान' २०६३ आदि सम्मान र पुरस्कारहरू प्राप्त गरिसकेका छन् । यसरी उनको आजीविकाको प्रमुख स्रोत जागीर भए पनि सम्मान र प्रतिष्ठा भने साहित्यिक क्षेत्रबाट प्राप्त भएको देखिन्छ ।

### ३.१.१२ काव्य रचनाका लागि प्रेरणा र प्रभाव

भरतराज पन्तको साहित्यिक प्रतिभाको निर्माणमा उनका अनुवंशिक संस्कारको अवश्य प्रभाव परेको छ । पैतृक वातावरणबाट उनको साहित्यिक व्यक्तित्व निर्माणमा ठूलो हात रहेको छ । उनका बाजे तथा बाबुहरूको आर्य संस्कृति तथा संस्कारको प्रभाव उनमा पनि पर्‍यो । यस क्रममा उनले पिताको दराजमा रहेका माध्यमिककालीन लभ्मीदत्त पन्त, राजीवलोचन जोशी, शम्भुप्रसाद ढुङ्गेल आदि कविका कविताहरू पढ्ने वातावरण घरमा पाए । अर्कातिर उनका पिता मणिदत्त पन्त पनि स्रष्टा व्यक्तित्व भएका थिए र उनका साथीहरू लेखनाथ पौडेल, भीमनिधि तिवारी आदिसँगको सम्पर्कले पनि कविता लेख्ने प्रेरणा उनमा मिलेको पाइन्छ । यसै क्रममा जब उनी संस्कृत पाठशालामा अध्ययन गर्दथे, त्यतिबेलाको पाठशालाको साहित्यिक वातावरणबाट पनि उनी प्रभावित भएका थिए । उनले संस्कृत साहित्यको गहिरो

[९४] भरतराज पन्त पूर्ववत् पृ. ३९ ।

अध्ययन गरेका थिए भने नेपाली साहित्यका स्थापित कविहरूको हौसलाले पनि उनी साहित्यप्रति प्रेरित भएका थिए ।

प्रभावशाली कवि पन्तमा रहेको आनुवशिक कवि प्रतिभाको निर्माण तथा विस्तार हुनमा उनको कर्म प्रतिको दृढ लगाव, अध्ययनशीलता, निरन्तर व्युत्पत्ति र अभ्यास जस्ता कुराहरूको हात रहेको छ । जीवनमा अनेकौं अभाव र अभिशाप भोग्नुपरे पनि उनको आनुवंशिक प्रतिभा तथा परिवारिक साहित्यिक वातावरण, संस्कृत शिक्षाबाट प्राप्त गरेको साहित्यिक व्युत्पत्ति तथा उनमा रहेको निरन्तर क्रियाशील रहने बानीको, अन्तरमिश्रणबाट साहित्यिक व्यक्तित्व परिपोषित भएको पाइन्छ ।

तीन वर्षको उमेरमा नै मातृवियोगको पीडा आइपर्नु, चौधवर्षको दाम्पत्य जीवनको सुरूवातमै पिता गुमाउनु, रोग र अभावले सताइनु जस्ता हण्डरको सामना गर्दै अगाडि बड्ने क्रममा उनी भित्रको आनुवंशिक काव्य प्रतिभा ढिलै भएर भए पनि २०, २१ वर्षको उमेरमा काव्य लेखनको सन्दर्भमा देखापर्दछ । यसै सन्दर्भमा उनको रचनाको सार्वजनिक प्रकाशन २००८ सालका गोरखा पत्रमा भएको पाइन्छ । आजको जस्तो सञ्चारको सुलभता नभएको तत्कालीन समयमा भरतराज पन्तको अभ्यासिक रचना भए पनि राष्ट्रपिता त्रिभुवनको जन्मोत्सवको सन्दर्भलाई उठान गरिएको रचना भएका नाताले 'गोरखा पत्र' को विशेषाङ्कमा 'जय जय जय श्री त्रिभुवन' शीर्षकको कविता उनको प्रथम सार्वजनिक कविताको रूपमा प्रकाशित हुन्छ ।[९५] यस अधि नै संस्कृत छात्रावासमा हस्तलिखित 'आलोक' पत्रिकामा उनको 'मानवसित' र 'शारदासँग' भन्ने दुई कविता सार्वजनिक भएका थिए ।

भरतराज पन्त शास्त्रीय व्युत्पत्ति प्राप्त गर्ने सन्दर्भमा संस्कृत साहित्यका छन्दबाट समेत प्रभावित भएका थिए । उनी लेखनाथ पौडेलबाट सबभन्दा ज्यादा प्रभावित भएका थिए । उनको काव्य लेखनको सन्दर्भमा काव्य चेतना भने परिष्कारवादी प्रगतिवाद नै रहेको पाउँदछौ । यसै क्रममा उनी सोमनाथ सिग्देलबाट

---

[९५] भरतराज पन्त, 'जय जय जय श्री त्रिभुवन' गोरखा पत्र, (काठमाण्डौं - २००८ असार २८ असार २७ गते) श्री ५ त्रिभुवन विशेषाङ्क)

समेत आंशिक प्रभाव ग्रहण गरेका छन् । २०१२ सालमा ‘कविभूषण’ पदक बालकृष्ण समबाट शुभेच्छा प्रकट गर्दै पहिराइदिँदा तथा महाकवि देवकोटाद्वारा प्रोत्साहन पाउँदा उनमा झन् सिर्जनाप्रति अनुराग बढेको पाइन्छ । अन्य साहित्यकारहरूसँगको सम्पर्क साथै भीमनिधि तिवारीसँगको सम्पर्कमा पनि उनि उत्प्रेरित भएको पाइन्छ । यस क्रममा उनको नियमित शिक्षा र शास्त्रको गहनतम स्व-अध्ययनबाट उनको काव्यिक प्रतिभा माझिएको पाइन्छ । व्यावहारिक जीवनमा अत्यन्तै कष्टप्रद क्षणहरूको सामना गर्नु परेको हुँदा यसको मानसिक क्षतिपूर्ति सिर्जनात्मक कार्यद्वारा गर्ने मनोवैज्ञानिक अभिप्रायले उनले अनुभूति र भावप्रवल रचनाहरूको निर्माण गरेका छन् । उनले विशेषतः वर्णिक छन्दमा नै कवितहरूका लधु, मध्यम र वृहत्तम् रूपको समेत यात्रा गरेका छन् । यसका अतिरिक्त प्रशस्त मात्रामा गद्य तथा समीक्षात्मक लेख, रचनाहरू सृजना गरेको पाइन्छ । उनले संस्कृतमा समेत रचना गरेको पाइन्छ । उनी अनुवादको कुशल संयोजन गर्न पनि प्रखर छन् । यसरी उनले साहित्य सिर्जनाका विभिन्न क्षेत्रमा याम-आयाम थप्ने कार्य गरेका छन् ।

## ३.२ भरतराज पन्तको व्यक्तित्व

भरतराज पन्तको जन्म (१९८७ साल असार ३०) देखि आज सम्मको ७८ वर्षको उमेरलाई हेर्दा उनको जीवनमा व्यक्तित्वका मुख्यतः दुई पक्षहरू महत्त्वपूर्ण रहेको पाइन्छ । उनको पहिलो व्यक्तित्वको पक्ष हो शिक्षक -प्राध्यापक प्राज्ञिक व्यक्तित्व र अर्को साहित्यिक व्यक्तित्व । उनको जीवनको पूर्वार्ध समय आर्थिक अभावमा रुमलिएको पाइन्छ भने हाल उनी आर्थिकरूपमा अलि स्थिर जीवन बिताइ रहेका छन् । यहाँ उनको जीवनका व्यक्तित्वका प्रमुख पक्षको सामान्य चर्चा गरिन्छ ।

### ३.२.१ शिक्षक-प्राध्यापक प्राज्ञिक व्यक्तित्व

भरतराज पन्तको आजीविकाको प्रमुख स्रोत शिक्षण पेसा रहेकाले शिक्षक प्राधयापक प्राज्ञिक व्यक्तित्व उनको जीवनको महत्त्वपूर्ण पक्ष समेत रह्यो । उनले विद्यालय स्तरदेखि स्नातक तहसम्मका संस्कृत तथा नेपाली विषयका प्रखर शिक्षकका रूपमा ख्याति कमाएको पाइन्छ । उनले दैनिक १२-१५ घण्टासम्म प्रध्यापन गर्ने गरेको

पाइन्छ । यस क्रममा उनी २०५२ सालमा 'त्रि.वि. दीर्धसेवा पदक' बाट समेत सम्मानित भएको पाइन्छ ।

### ३.२.२ साहित्यिक व्यक्तित्व

भरतराज पन्तको सम्मानको मुख्य क्षेत्र साहित्य नै हो । उनको साहित्यिक वा स्रष्टा व्यक्तित्वका पनि तीन पाटाहरू रहेका पाइन्छन् । पहिलो पक्ष हो स्रष्टा व्यक्तित्व, दोस्रो अनुवादक व्यक्तित्व र तेस्रो द्रष्टा वा समालोचक व्यक्तित्व ।

भरतराज पन्तको व्यक्तित्वको चर्चा गर्दा उनले मूलतः परिष्कारवादी र अंशतः प्रगतिवादी स्वच्छन्दतावादी नेपाली काव्य धारबाट उत्प्रेरित भई काव्य साधना गरेको भेटिन्छ । यस क्रममा उनले प्रशस्त फुटकर कविताहरूको रचना गरेका छन् । आधा दर्जनभन्दा बढी काव्यहरू लेखेका छन् । उनले 'दोभान' जस्तो विशष्ट महाकाव्य रचेका छन् । गद्यमा पनि सफलतासाथ कलम चलाएका छन् । उनले संस्कृतका ग्रन्थहरूको नेपालीमा उल्थासमेत गरेका छन् । उनले समीक्षा पनि लेखेका छन् । नेपाली अलङ्कार परिचय' भन्ने सैद्धान्तिक ग्रन्थसमेत लेखेका छन् ।

भरतराज पन्तले काव्य रचनाको विषय स्रोत आफ्नै जीवनले अनुभव गर्नु परेको पुत्र शोकलाई मुख्या रूपमा बनाएका छन् भने पौराणिक वैचारिक र प्राकृतिक विषयलाई समेत काव्यको विषय बनाएका छन् । समाजका विसङ्गति प्रजातन्त्रमा देखिएका नकरात्मक आचारणहरू, मान्छेका अमानवीय व्यवहारहरू जस्ता पक्षलाईसमेत उनले काव्यमा ठाउँ दिएका छन् । उनका कवितामा प्रगतिवादी रन्को प्रशस्तमात्रामा भेटिन्छ । मूलतः भरतराज पन्तको साहित्यिक व्यक्तित्व फुटकर कविता देखि महाकाव्यको विस्तृततासम्म फैलिएको पाइन्छ ।

## ३.३ कृतित्वको संक्षिप्त परिचय

भरतराज पन्तको पुस्तकार रूपमा प्रकाशित पहिलो कृति 'उर्लेको आसु' २०१२ हो । यस कृतिमा राजा त्रिभुवनको मृत्यु हुँदाको राष्ट्रिय शोकलाई व्यक्त गरिएको छ । यसरी भरतराज पन्तको पहिलो प्रकाशित कृति नै शोकसँग सम्बन्धित बन्न पुग्छ । यस

पछि उनले फुटकर रचनाहरू प्रकाशित गर्दै रहे पनि दोस्रो पुस्तकाकार कृति ११ वर्ष पछि २०२३ सालमा 'जूनकीरी' कविता सङ्ग्रहको नाममा प्रकाशित हुन्छ । यस सङ्ग्रहमा ४५ वटा कविताहरू सङ्कलित भएका छन् र ती कविताहरूले भरतराज पन्तको काव्यप्रवृतिको निर्माणमा समेत महत्त्व राखेका छन् । प्रगतिवादी विचार, भावको तीव्रतम प्रवाह, प्रकृतिप्रति अभिरुचि करुण, हास्य र शान्त रसप्रति उन्मुखता रहे पनि शृङ्गारमा विशेष आकर्षण, शास्त्रीय लय र अलङ्कारप्रति प्रतिवद्ध रहनु जस्ता विशेषता उनका 'जूनकीरी' भित्रका कवितामा पाइन्छन् ।

वि.सं. २०२८ मा कवि पन्तको तेस्रो कृतिको रूपमा 'दिनेश' प्रकाशित हुन्छ । यो कविको पुत्रशोकसम्बन्धि महत्वपूर्ण पुस्तक हो । यस कृतिमा कविले आफुलाई परेको पुत्रशोकको पीडालाई ज्यादै मार्मिक र कारुणिक शैलीमा सशक्तरूपमा अभिव्यञ्जना गरेका छन् । २०३८ सालमा उनले 'चन्द्रहास' र 'शैलपुत्री' काव्यको रचना गरेका थिए । यी काव्यमध्ये 'चन्द्रह्रास' पौराणिक काव्यको प्रकाशन २०३९ सालमा भएको पाइन्छ भने 'शैलपुत्री' काव्य सोही साल ने.रा.प्र.प्र. (हाल ने.प्र.प्र.) को रजतजयन्ति प्रकाशन मालाअन्तर्गत पञ्चीस वर्षका खण्डकाव्यमा सङ्कलित भई छापिएको छ ।[९६] उनको 'दोभान' महाकाव्य दुई वर्ष पछि ने.रा.प्र.प. बाट २०४१ सालमा प्रकाशित हन्छ । यो महाकाव्य कविको 'कवि थिए कनै' (२०२३) महाकाव्यंशको पूर्णताको रूपमा रहेको छ । पूर्वीय महाकाव्यात्मक मान्यताको पालना गरी लेखिएको परिष्कारवादी शैलीशिल्पको एक उत्कृष्ठ महाकाव्यको रुपमा यो महाकाव्य रहेको छ । २०४६ सालमा कविले विभिन्न समयमा रचना गरेका कविताहरूको सँगाले 'नमस्कार' शीर्षकमा प्रकाशित हुन्छ । यसमा समसामयिक जीवन भोगाइका अनुभव र अनुभूतिको मार्मिक प्रस्तुति छ । २०४८ सालमा भरतराज पन्तका जीवनमा अर्को त्रासदीपूर्ण घटना घट्छ अथवा भनूँ कान्छो छोरा रमेशको रहश्यपूर्ण हत्या हुन्छ । यसरी अकल्पनीय पुत्रशोकबाट प्रताडित पितृहृदयको कारुणिक अभिव्यक्ति 'मेरो-रमु ॥' शीर्षकको शोककाव्यमा अभिव्यक्त हुन्छ ।

[९६] माधव प्रसाद घिमिरे, (सम्पा.), पच्चीस वर्षका खण्डकाव्य, (काठमाडौं ने.रा.प्र.प्र. २०३९) ।

यसैक्रममा कवि पन्तले २०५० सालमा 'भित्र वाहिर' शीर्षककमा वैचारिक काव्य नेपाली साहित्यलाई प्रदान गर्दछन् । भरतराज पन्तले २०५४ मा 'मनः स्थिति' शेककाव्य प्रकाशित गरेको पाइन्छ । यो काव्य पनि कवि पन्तले कान्छो छोराको मृत्युको पीडालाई नै विषय बनाएर लेखेको देखिन्छ ।

यस्ता काव्यका अतिरिक्त उनका गद्य र अनुवादका कृतिहरू पनि नेपाली साहित्य जगतलाई प्राप्त भएका छन् । गद्यतर्फ उनको 'हातको तकिया' (लेखसङ्ग्रह) २०४१ 'भरतराज पन्त' (आत्म-जीवनी) २०३८, 'राजीवलोचन समीक्षा' २०४३, पन्त वा (संस्मरण) २०६० र 'अलङ्कार चन्द्रोदय उपोद्घात' २०६३ प्रकाशित भएका छन् । अनुवादतर्फ उनले 'तपस्विनी' (२०२५), 'पन्चदशिका' (पन्ध्र संस्कृत स्तोत्र) २०५७, 'सौन्दर्य लहरी' २०६१, कर्पुर स्त्रोत्रम (नेपाली गद्य अनुवाद) २०६२ रहेका छन् । यसै गरी नेपाली अलङ्कार परिचय २०५६ भन्ने सैद्धान्तिक कृति र संस्कृत कविताहरूको सङ्ग्रह २०५२ रहेका छन् । हास्यव्यङ्ग्यतर्फ उनको 'गुन्द्रुक' (सङ्कलन) २०५० रहेको छ ।

यसरी भरतराज पन्तले विभिन्न विषयका काव्यकृतिहरू नेपाली साहित्य जगतलाई प्रदान गरेका छन् । कविताका लघुरूप फुटकरकवितादेखि वृहत्तमरूप महाकाव्य स्तरसम्मका उनका काव्यकृति रहेका छन् । पूर्वीय काव्यपरम्पराका सफल अनुयायी विशेषतः वर्णमात्रिक छन्दका कविका रूपमा उनी प्रतिष्ठित रहेका छन् । उनले मूलतः परिकारवादी र अंशतः स्वच्छन्दतावादी प्रगतिवादी धारबाट आफ्नो काव्ययात्रालाई दिशा प्रदान गरेका छन् ।

## ३.४ काव्य प्रवृतिगत विशेषता र योगदान

भरतराज पन्तको काव्ययात्राले साढे पाँच दशक पार गरिसकेको छ । यो लामो समयावधिमा उनका काव्य प्रवृत्तिको निश्चित विशेषताहरू निर्माण भइसकेका छन् । यसअवधिमा उनले २१ वटा कृतिहरू नेपाली साहित्य जगतलाई प्रदान गरिसकेका छन् । फुटकर कवितादेखि महाकाव्यको स्तरसम्म उनको कवित्वको विस्तार भएको पाइन्छ । यस क्रममा उनका विषयगत र शैलीगत बैशिष्ट्यलाई काव्यप्रवृत्तिका रूपमा चर्चा गर्नु सान्दर्भिक हुन आउँछ ।

### ३.४.१ शोक वर्णन

भरतराज पन्त मूलतः करुण रसका कवि हुन् । श्री ५ त्रिभुवनको मृत्युमा भावविह्वल भई 'उर्ल्लेको आँशु' भन्ने शोक पुस्तिका लेख्ने पन्तको जीवनमा दुईवटै छोराको असामयिक निधनले हृदय विदारक चोट पर्दछ । वि.सं. २०२८ सालमा पारिवारिक आर्थिक कारणबाट विष सेवन गरेर दिनेशले आत्महत्या गर्दछ । चढ्दो जवानीको छोराको वियोगले पितृहृदयमा परेको त्रासदीय गम्भीर र कारुणिक प्रस्तुति 'दिनेश' शोककाव्यमा गरेका छन् भने उनको अर्को एकमात्र छोरो रमेशको षड्यन्त्रपूर्ण तवरले वीभत्स हत्या २०४८ सालमा हुन्छ । यस अभिशापपूर्ण शोकले समाली नसक्नु वेदनामा परेका कविको शोकाकुल मनोदशाको अभिव्यक्ति 'मेरो-रमु ॥' शोककाव्य मार्फत व्यक्त भएको छ । यही शोकानुभूतिलाई व्यक्त गरेर अर्को 'मनस्थिति' २०५४ भन्ने शोककाव्य समेत लेखिएको छ । यसका अतिरिक्त अन्य फुटकर रचना तथा 'दोभान' महाकाव्यमा समेत कविले शोकलाई यथास्थान दिएकै छन् । तसर्थ उनको एउटा महत्वपूर्ण विशेषता शोकको बर्णन गर्नु रहेको देखिन्छ । सानैदेखि शोक र अभिशापमा डुवेका भएर पनि कवि पन्तले शोकलाई अनुभूति अभिव्यक्तिको विषय बनाएको हुनुपर्छ । उनले शोकको संवेद्य प्रस्तुति गरेका छन् ।

### ३.४.२ प्रकृति वर्णन

भरतराज पन्त प्रकृति बर्णनमा रुचि राख्ने कवि हुन् । उनी प्रकृतिलाई वस्तुपरक ढङ्गले चित्रण गर्दै त्यसलाई मानव मनोदशासँग तादात्म्यरूपमा प्रस्तुत गर्न सिपालु देखिन्छन् । यसक्रममा उनले प्रकृतिलाई काव्यको मुख्य विषयको रूपमा चुनेको समेत पाइन्छ । 'शैलपुत्री' भन्ने प्रकृति काव्य नै रचना गरेका छन् । हिमालयकी छोरी पार्वतीको शिव प्राप्तिको कठोर तपश्याको वर्णन रहेको यस काव्यमा हिमाल, पहाड, नदी, नाला भीर, पाखा, पखेरा, पहारा, छहरा जस्ता विविध पक्षको तन्मय वर्णन गरेका छन् । यस्तै उनले अन्य काव्य तथा फुटकर कवितामा पनि प्रकृतिका विभिन्न पक्षहरूबाट नया विम्ब र प्रतीक बनाएर कवितामा सफल र सजीव प्रयोग गरेका

छन् । मानवीय भावदशासँग प्राकृतिक छटा र परिवेशको साक्षात्कार देखाउनु उनको महत्त्वपूर्ण काव्यप्रवृत्तिगत विशेषता रहेको पाइन्छ ।

### ३.४.३ पौराणिक विषयवस्तुको प्रस्तुति

भरतराज पन्तले पौराणिक विषयवस्तुलाई महत्त्व दिएर काव्य रचना गरेका छन् । यस अन्तंगत उनका 'चन्द्रहाँस' र 'शैलपुत्री' काव्यहरू बढी महत्त्वका रहेका छन् । उनले पौराणिक विषयलाई उत्पाद्य रूप दिई यी काव्यहरूको रचना गरेका छन् । यसका अतिरिक्त उनले पौराणिक बिम्ब सर्दभहरूको प्रयोग पनि प्रशस्त गरेका छन् । यसकारण पौराणिक विषयवस्तुको प्रस्तुति पनि उनको विशेषता हो ।

### ३.४.४ वैचारिक दृष्टिकोण

भरतराज पन्तले रहेक काव्य-कविताहरूमा वैचारिक सन्देश दिन खोजेका छन् । यस क्रममा उनको सशक्त वैचारिक काव्यको रूपमा भने 'भित्रवाहिर' देखिन आउछ । यो काव्यमा कविका निजी विचार तथा धारणहरू प्रकट भएका छन् । यस काव्यमा भित्र र वाहिर दुई खण्ड रहेका छन् । भित्र खण्डमा कविले पूर्वीय काव्यसम्बन्धी धारण राखेका छन् भने वाहिर खण्डमा प्रजातन्त्रोत्तर समसामयिक राजनैतिक सामाजिक विकृति र विसङ्गतिप्रति आफ्नो विचार राखेका छन् । यो भरतराज पन्तको चिन्तनमूलक काव्य हुदै हो । यसका अतिरिक्त उनका अनेकौ फुटकर कविताहरूमा पनि वैचारिक दृष्टिकोण अभिव्यक्त भएको पाइन्छ । 'दोभान' महाकाव्यमा पनि समसामयिक युगीन जीवनका विसङ्गति र विकृतिप्रति सशक्त वैचारिक टिप्पणी गरेका छन् । यसरी उनका काव्य प्रवृतिगत सन्दर्भलाई हेर्दा वैचारिक पक्ष पनि महत्वपूर्ण रहन गएको छ । उनले समाजमा देखिएका अन्याय, अत्याचार शोषणको विरोध गरेका छन् मानवताको लागि आवज भरेका छन् । सामाजिक राजनैतिक र आर्थिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिको सूक्ष्म चित्रण गर्दै त्यसमा सुधारको आग्रह राखेका छन् । उनले कवितामा देशप्रेम तथा देशोत्थानको भावना प्रकट गरेका छन् । नारी वेदना, पीडा अपहेलान र असमानताको थथार्थ चित्रण गर्दै नारी उत्थान र नारी समानताको लागि नारीवादी

चेतनालाई समेत कवितामा प्रकट गरेका छन् । यसरी उनकमा काव्य प्रवृत्तिगत विशेषताका रूपमा वैचारिक विविधताको स्वर पाइन्छ ।

### ३.४.५ वैयक्तिकता र सामाजिकताको समायोजन

भरतराज पन्तल आफ्ना काव्य कृतिहरूमा वैयक्तिकता र सामाजिकताको समायोजन गरेका छन् । वैयक्तिक पारिवारिक जीवनका विविध सन्दर्भलाई सामाजिक पारिवेशको पुट दिएको पाइन्छ । यसमा उनको 'दोभान' महाकाव्य उल्लेख्य ठहर्दछ । व्यक्ति गाथा र समाज गाथाको दोहोरा अन्विति यस महाकाव्यमा पाइन्छ । समाजका राजनैतिक, आर्थिक, सांस्कृतिक विकृति र विसङ्गतिलाई वैयक्तिक अन्तर्सम्बन्धबाट हेरेको पाइन्छ । उनले धेरै काव्य र कवितामा वैयक्तिकता र सामाजिकताको अन्तर्सम्बन्ध देखाएका छन् । यस कारण वैयक्तिकता र सामाजिकताको समायोजन पनि उनको महत्वपूर्ण विशेषता हो ।

### ३.४.६ शैलीशिल्पगत विविधता

भरतराज पन्तको शैली मूलतः परिष्कारवादी नै हो । उनले पूर्वीय परिष्कारवादी अभिव्यक्तिपद्धतिका साथै स्वच्छन्दतावादी अभिव्यक्ति पद्धतिका माध्यमबाट प्रगतिवादी चिन्तनलाई प्रस्तुत गरेका छन् । परिष्कारवादी शिल्पपद्धतिका दृष्टिले उनी लेखनाथसँग बढी नजिक छन् भने स्वच्छन्दतावादी प्रगतिवादी दृष्टिले लक्ष्मीप्रसाद देवकोटाबाट पनि प्रभावित भएको बुझिन्छ । तर स्वच्छन्दतावादी उनको गौण काव्यगत प्रवृति हो । पूर्वीय काव्यशास्त्रीय मान्यतामा अडिग रहन रुचाउने कवि पन्तले छन्द, लय, अलङ्कार रस रीति गुण जस्ता शैली पक्षको प्राञ्जलपूर्ण आयोजन गरेका छन् । वस्तुतः उनको महत्वपूर्ण विशेषताको रूपमा शैलीशिलागत विविधता रहेको पाइन्छ ।

## ३.५ योगदान

भरतराज पन्त नेपाली साहित्य जगतका अथक साधक हुन् । यस क्रममा उनले नेपाली साहित्य जगतलाई प्रशस्त फुटकर कवितादेखि लिएर झण्डै दुई दर्जन जति कृति प्रदान गरेका छन् । उनले कविताका अतिरिक्त कथा, निवन्ध, अनुवाद,

समालोचना जस्ता विधामा हात हाले पनि उनको प्रसिद्धि र सफलता भने काव्य विधामा रहयो । काव्यफाँटमा उनले मूलतः शोक काव्यमा सफलता हासिल गरेका छन् । माधव प्रसाद धिमिरेले निमार्ण गरेको शोक काव्यको बाटोमा कवि पन्तका शोककाव्यहरूले छुटै पहिचान राखेका छन् । उनका यस्ता काव्यमा शोक, प्रकृति, पुराकथा, परिष्कारवादी स्वच्छन्दतावादी मिश्रित शैलीले शोक काव्य परम्परामा नवीन वैशिष्टय प्रदान गरेका छन् भने लेखनाथ पौडेलको 'तरूण-तपशी' बाट प्रभावित भई कवि पन्तले दोभान महाकाव्यमा जुन गरिमापूर्ण आत्मागाथा र समाज गाथाको समायोजन गरेर महाकाव्यात्मक परिणति दिएका छन्, त्यो नेपाली महाकाव्य पराम्पराका लागि शैली-शिल्प, युगचेतना र उच्च कवित्व प्राप्तिका दृष्टिले महत्वपूर्ण रहेको छ । यसरी मूलतः भरतराज पन्त लेखनाथीय परिष्कारवादी प्रवृतिलाई पछ्याएर साहित्य सिर्जना गर्ने विशिष्ट प्रतिभाका रूपमा देखापरेका छन् र उनले नेपाली शोककव्य परम्परामा 'दिनेश', 'मेरो-रमु !!' र 'मनः स्थिति' जस्ता विशिष्ट काव्यहरू प्रदान गरेर करुण-रसवादी कविका रूपमा नेपाली साहित्यमा महत्वपूर्ण योगदान गरेका छन् । यसका अतिरिक्त असंख्य फुटकर कवितादेखि लिएर 'चन्द्रहास' र 'शैलपुत्रि' जस्ता पौराणिक काव्यहरूमा उनले प्रयोग गरेको कवित्वको सहज प्रवाह, सास्कृतिक चेत र समसामायिक युगीन सन्दर्भ महत्त्वपूर्ण प्राप्ति हुन् ।

## ३.६ निस्कर्ष

वि.सं. १९८६ असार ३० गते जन्मेका भरतराज पन्तले जीवनमा नियतिका अनेक दुर्घटना भोग्दाभोग्दै पनि अविचलितरूपमा साहित्यसाधनामा लागेको पाइन्छ । उनको जीवन शोकैशोकमा डुबेका कारणले गर्दा उनले आफ्नै जीवनका अनुभूतिलाई काव्यमा उतारेका छन् । विभिन्न मान सम्मान पाएर राष्ट्रिय कवि व्यक्तित्वमा सफल रहेका भरतराज पन्त परिष्कारवादी अभिव्यञ्जना प्रणालीका विशिष्ट प्रतिभाका रूपमा परिचित छन् । उनले शोककाव्यको क्षेत्रमा नेपाली साहित्यलाई विशिष्ट र गम्भीर प्रभाव पार्न सक्ने कृति दिएर अतुलनीय योगदान गरेका छन् ।

## परिच्छेद चार

# भरतराज पन्तका शोककाव्यहरूको अध्ययन

### ४.१ दिनेश शोक काव्यको अध्ययन

'दिनेश' भरतराज पन्तको एक काव्य हो । यस काव्यमा भरतराज पन्तले विष सेवन गरी आत्महत्या गर्ने जेठो छोरा दिनेशको मृत्युलाई काव्यको विषय बनाएका छन् । पाश्चात्य शोककाव्य मान्यताअनुसार प्रियजनको वियोग मरण आदिबाट उत्पन्न हुने शोक वेदना र दुःख नै शोक काव्यको विषय हुन्छ । यस काव्यमा पनि भरतराज पन्तले शोकलाई मुख्य विषय बनाएकाले यो शोक काव्य हो । त्यसैगरि पूर्वीय काव्यमान्यतामा शोककाव्यले करुण रसको उद्‌बोध गर्दछ । यस काव्यमा पुत्र आलम्बन विभाव, मृत्यु, वियोगादि उद्दीपन विभाव, विलौना, चित्कार आदि अनुभाव र मरण, मोह, मुर्च्छा, तर्क, व्यधि, विषाद आदि सञ्चारी भावहरूले संश्लेषित भई शोक स्थायी भावको परिपुष्ट हुँदै करुण रसको आस्वादन भएकाले यो शोक काव्य हो ।

कविले भोग्नु परेको पुत्रशोकको दुःखात्मक अनुभूतिका नुनिला आँसुलाई काव्यात्मक अभिव्याञ्जन गर्ने क्रममा यो मार्मिक शोक काव्यको रचना भएको देखिन्छ । यस काव्यमा कविका शोकाकुल भावहरू फुट्‌छन् । शोक र करुणाका बाँधहरू फाट्‌छन् । पुत्रशोकले कविलाई महाप्रलय भए भैं लाग्छ । सारा प्रकृति नै भयङ्कर र विद्रुप भएर आए झैं लाग्छ । यस्तो वियोगको पीडामा बाँच्नु पर्दा कवि यसो भन्छन्:

हुरी हुनहुनाउँदा थरर थर्कने दीप झैं
झरी भरझराउँदा हरर हुर्रिने कीट झैं
महाप्रलय गर्जदा पनि रहन्छ यो जिन्दगी
गएन किन ? भाद्रको लहरे भेलजस्तै बगी [१७]

---

[१७] भरतराज पन्त, दिनेश पृ. २

यहाँ अन्त्यानुप्रासको सहज आयोजना छ भाद्रको खहरे जस्तो शोकको प्रवाह छ । उपमा अलङ्कारद्वारा शोक व्यथाको कारुणिकता सघनरूपमा आएको छ । कविको शोकाकुल मनोदशाले प्रकृतिमा विध्वंश प्रलयको अनुमान गरेको छ । कवि पुत्रशोक खपेर बाँच्नु भन्दा मर्न चाहान्छन्, मेटिन चाहन्छन् -

भयंकर छटा लिइकन खडा महाकाल भो
सहाय निरपाय भो जगत मोह जाल भो
रुँदा रगत सिद्धिएर फगत देह कंकाल भो
अनर्थ हुनसम्म भो अहह आज के चाल भो [९८]

कवि शोकले पिरोलिएर कंकाल जस्तो देहमा बाँचेका छन् । कविलाई संसार मायाको जालो जस्तो लाग्छ । साहित्य अनुभव र अनुभूतिको कलात्मक अभिव्यञ्जना हुने हुँदा यो मानवीय संवेदनाको उच्चतम प्राप्ति पनि हो । यहाँ सांसारिक सन्दर्भहरू र मानवीय राग-अनुरागहरूमा अन्तः संश्लेषण गर्दै कविले अभिशापूर्ण घटनाप्रति मार्मिक खेद प्रकट गरेका छन् ।

कवि हृदयमा अनेक आला-पुराना शोकका चोटहरू दुख्न थाल्छन् । सानैमा आमा वितेकाले उनलाई मातृस्मृति त्यति भएन, पितृशोक जसो तसो भुलेकै थिए । पुरानो पनि भइसकेको थियो तर जब आफूलाई पाल्ने र काजक्रिया गरेर परलोक तार्ने पुत्र नै जवानीमा मर्दछ भने त्योभन्दा कठोर बज्र के पर्न सक्ला र ? कविलाई पुत्र शोकको गहिरो वेदनाले सारा सृष्टि नै निरलोकमा डुबेको भान हुन्छ :

वियोग पनि मातृको स्मृतिविना बिरानो थियो
प्रवाह पितृशोकको जति बह्यो पुरानो भयो
नया युवक पुत्रको सहिनसक्नु यो शोकमा
डुब्यो सकल सृष्टि नै मलिन भै निरलोकमा [९९]

---

[९८] ऐजन ।
[९९] ऐजन पृ. ३ ।

कवि काव्यमा जताततै कोमल कारुणिक भावमा बगेका छन् । शैली उस्तै रोचक र सुन्दर छः

गृहस्थ भई बस्नु नै सकल सृष्टिको सार रे !
सँधै भर अकेलिने बिरसिलो जुनी भार रे !

यहाँ कविले दुई विरोधाभाषपूर्ण अनुभूतिलाई उठाएका छन् । वास्तवमा गृहस्थ जीवन जिउनुलाई कविले महत्वपूर्ण ठानेका छन् तर पनि सधैं पारिवारिक वियोगलबाट एक्लो भएर बाँच्नुपर्ने जीवनलाई उनले भार देखेका छन् । कविले जीवनमा सँधै यस्तै असङ्गति भोग्नु परेकाले यसो भनेका हुन । शोक पीडालाई व्यक्त गर्ने क्रममा कविले दिनेशको रूप, स्वभाव, चरित्र आदिको संस्मरण गर्दै ऊ केहीमा पनि कमी थिएन तर मनमा त्यस्तो के थियो र विष पिएर आत्महत्या नै गर्नुपर्‍यो भन्ने गुनासो तथा पश्चाताप व्यक्त गरेका छन् । यस काव्यमा करुण रसको मुख्य आलम्बन विभावको रूपमा छोराको मृत्युको घटनालाई बनाएर वियोगी कविले मार्मिक शोक कविता रचेका छन् । त्रास रुवाइ, सन्ताप, ग्लानी, पीडा, विकृति, मोह, विभ्रम, अज्ञान पश्चात्ताप जस्ता भावहरूको समायोजनबाट करुण रसको प्रस्तुति भएको छ । पहिलो अयनको अन्तिम श्लोकमा कविले आफ्नो विरह र व्याकुलतालाई यसरी मार्मिकता प्रदान गरेका छन् -

कठै ! त्यसरी हुर्किई निठुरतुल्य छोरो गयो !
कठोर दिलको भयो ! जिउनुसम्म खल्लो भयो !
भयो मन ! नसम्झि दे ! सकल बिर्सिदे ! बिर्सिदे !!
भयो मन ! न बिर्सिदे !! जति बित्यो सबै सम्झि दे !!![१००]

यहाँ कविलाई छोराको सम्झनामा पनि पीडा छ । उनी बिर्सन पनि सक्दैनन् । काव्यको भाव साँच्चिकै मार्मिक बनेको छ । कविले जति रोए पनि दुःखको अनुभूति कहिल्यै घटेन । जति काव्यमा लेख्यो उत्ति बढ्ने, जति साथीभाइसँग कुरा गर्‍यो उति

[१००] ऐजन पृ. १४ ।

गड्ने, शोकको घाउ कहिल्यै निको नभएको कुरालाई कवि कलात्मक शैलीमा यसरी व्यक्त गर्छन्-

नलेखिसकिने कथा जति म लेख्छु बढ्ने भयो
नबोलिसकिने कुरा जति म बोल्छु गड्ने भयो
छ घाउ गहिरो यहाँ अब हुँदैन कल्यै निको
साधैं भर नयाँ नयाँ छ अनुभूति यो दुःखको [१०१]

वास्तवमा शोक जसलाई पर्छ त्यो स्वयम्ले नै सहनु पर्छ । यो कसैसित बाड्न नसकिने वैयक्तिक अनुभूति हो । मर्नु सबैले पर्दछ भन्ने जान्दा जान्दै पनि कल्पी-कल्पी रुने बनाउँछ शोकभावले । यहा बुद्धिले नरो भने पनि भाव यति प्रवल बन्छ कि हृदयको राप र सन्तापले आँखा पग्लिहाल्दछन् । अरूले सम्झाएर चित्त कहिल्यै मान्दैन । कवि काव्य भाषमा यसरी खेल्छन् -

दिनेश दिनमध्यमै पुगे नि ! अस्ताचल
झरी परिरह्यो सधैं अति भई रूँदा बादल
गिज्याउन खडा भए कसरी आज तारागण ?
सयौंतिर चिरा परिरहेछ पृथ्वीकन [१०२]

यहाँ काव्यात्मक कलाका दृष्टिले कवित्व अत्यन्तै कल्पनाशील भाव प्रवाहमय भएर बगेको छ । कविले प्राकृतिक बिम्ब र अलङ्करणहरूलाई सजीव कल्पनाको माध्यमबाट सघन शोकप्रवाहका संयतसौन्दर्य भरेर करुण रसलाई मार्मिक बनाएका छन् ।

कवि शोकमा चुर्लम्ब डुबेका छन् । कविले बिर्सन प्रयत्न गर्दा झन्-झन् सम्झन पुगेका छन् । कविलाई दशैं तिहार खल्लो भएको छ । जूनकीरीको पिलपिल जस्तो सम्झना बारम्बार आइरहन्छ । सम्पूर्ण सृष्टि नै फट्किरी जस्तो परपराउँदो टर्रो

---

[१०१] ऐजन पृ. १७ ।
[१०२] ऐजन पृ. १८ ।

भएको अनुभव गर्दछन् । रातमा ढोका ढप्केको आवज आउँदा पनि कविलाई कतै छोरो त फिरेर आएको होइन भन्ने भान बारम्बार भइरहन्छ । पापी मन केही गरे पनि मान्दैन । शोक यति गाढा हुन्छ कि कविलाई सारा वातावरण नै शोकाकुल र स्तब्ध भएर शोक मनाइरहे झैं लाग्दछः-

टुसुक्क करुवा यसै बसिरहेछ आँशू झिकी
चुल्हो रुन तयार झैं भइरहेछ दाह्रा झिकी
गुलूप पनि धिप्धिपी गरिरहन्छ रुञ्चेसरी
कठैबरि । छ कोठरी सकल भत्किएको सरि [१०३]

यसरी शोकमा प्राकृतिक वातावरण नै स्तब्ध र विषक्त बनेको भन्दै कविले करुवा, चुल्हो, गुलूप र कोठरी जस्ता निर्जीव पदार्थमा समेत शोकाकुल मानवीय संवेगको तादात्म्यको कल्पना गरेका छन् । यहाँ कवि अन्तस्करणमा व्याप्त वियोगको त्रासदीय रोदन जड पदार्थमा समेत प्रकट भएको कारुणिक र मार्मिक वर्णन गर्छन् । यसबाट मान्छेको व्यक्तित्वसँग परिवेशको समरूपता देखाएर मानवीय अन्तस्करणका भावहरू जस्ता छन् वातावरण पनि सोही अनुरुपको देखाएका छन् । कल्पना बहुतै रमणीय र कलात्मक छ ।

कविको मान समालिनसक्ने गरी शोककुल भएको छ सम्झाउनेहरूनै रुन विवश यस्तो अवस्थाको वर्णन-

समाल्न समवेदना प्रकट गर्न आफ्ना जन
जसै नगिच आउछन् मुख निदाउरो लीकन
छचल्किइ मनोव्यथा नयनबाट झर्छन् झरी
मलाई मसिवाय को अरू समाल्छ मैले सरि ? [१०४]

[१०३] ऐजन पृ. १९ ।
[१०४] ऐजन पृ. २० ।

आफूले अफैलाई समाल्नु पर्ने अवस्थाको ज्ञान नभएर कवि रोएका होइनन् तर पनि हृदयमा शोक र करुणाका बाधहरू भत्किए पछि कवि अझ थप्छन्

रुदौ हृदय टुक्रियोस्, रगत आँसुसाथै बहोस्
न खानु पिउनू भई फगत हाड छला रहोस्
यहाँतक कि आत्तिँदै सँगसँगै सती भै जलोस्
विभिन्न पथ कर्मको यदि छ रे ! हरे !! के फलोस् ? [१०५]

जति बाध्न खोज्दा पनि कविको मन थामिदैंन । यो काव्यमा सुरुदेखि अत्यसम्म नै शोकको प्रवाह छ । आँसुका अविरल धारा छन्, कविका विलाप कारुणिक छन् । सारा वातावण स्तब्ध पारेर यहाँका सवैलाई रुवाएर तिमी पुर्खाहरूसँगै कहिल्यै नफर्कने गरी गयौं, भन्दै यहाँ जति दुःख वेदना भए पनि त्यहाँ केही नहोस् भन्ने हार्दिक भाव समेत यसरी राख्छन् -

यहाँ जति जति भयो, भयो छट्पटी त्यहाँ क्यै नहोस्
सवै त - म पखालिई झलमलाँउदो देखियोस्
क्षमा मिलिसकें तिमी भइसक्यौ सफा कञ्चन
दिएर सपना कुनै दिन यदा कदा बोल न । [१०६]

कविलाई अझै देख्न र भेट्नको मोह छ । उनी यथार्थ जीवनमा त्यो असम्भव देखेर सपनामा आएर भए पनि बोल्न आग्रह गर्दछन् । पूर्वीय हिन्दू संस्कारमा छोराले किरिया गरेर पितालाई तार्ने विधि विधानको व्यवस्था छ । तर यहाँ जीवनको गति उल्टो भइदिन्छ । कवि जीवनमा पुत्रशोकको प्रहार आइदिन्छ र कवि शोककाव्य लेख्न बाध्य भएको कुरा यसरी जनाएका छन्-

मलाई किरिया गरीकन उतार्नुपर्ने थियौ
मबाट किरिया लिईकन उत्तारिने भैदियौ ।

---

[१०५] ऐजन ।
[१०६] ऐजन पृ. २४ ।

रहेछ यहि कर्ममा नरहने भयौ बन्धमा
मिमी अमर भै रहू अगम सच्चिदानन्दमा । [१०७]

पूर्वीय परम्परा अनुसार संसारिक दुःख कष्टबाट मुक्ति हुन जीवन-मरणको चक्रबाट छुटकरा पाउँन सच्चिदानन्दमा पुगेपछि मात्र संभव छ भनिन्छ । यहाँ कविले पनि दिनेशलाई सच्चिदानन्दमा अमर भएर रहूँ भन्ने कामना गरेका छन् । जे जति रोए पनि मृत्यु अपरिहार्य भएकाले अन्तिममा गएर कविले आफू पनि पछि छोरा भए ठाउँमा आउने र यहाँ छोराको लागि शोककाव्य लेखेको बताएका छन् । यस करुण काव्यमा करुण रसको परिणति निरर्थ निराशा, निशेष शून्य हेइन, परन्तु शाश्वत सान्त्वना र अशेष शान्ति हो भन्ने ठहर माधव घिमिरेको रहेको पाइन्छ ।

यस खण्डकाव्यमा सन्दर्भगत प्रसङ्गमा रति शम वात्सल्य, भय, क्रोध जस्ता भावहरूको अभिव्यक्ति भए पनि करुण रसको परिपाक भएकाले यस काव्यको अङ्गीरसका रूपमा करुण रस रहेको छ ।  अन्य सहायक रसको रूपमा शृङ्गार, वात्सल्य, शान्त र रौद्र रसहरू आएको पाइन्छ । अङ्गी रस करुण रहेको यस काव्यमा शोक भावको परिपोषण गर्ने क्रममा अन्य अङ्गरसको अभिव्यक्ति भएको छ । विषयवस्तु गौण र भावप्रबल रहेको यो करुण रसको खण्डकाव्य हो । पुत्र आलम्बन विभाव वियोग उद्दीपन विभाव, बलिन्द्र आँसुका धारा, विलौना आदि अनुभाव, विषाद, मोह, मुर्च्छा दैन्य, नैराश्य आदि साचारी भावहरूले परिपुष्ट भई शोकभाव स्थायी भावको रूपमा करुण रसको मार्मिक अभिव्यक्ति भएको छ ।

यो शोककाव्य बद्धलयमा संरचित छ । शास्त्रीय वर्णमान्त्रिक पृथ्वी छन्दको चतुष्पदी श्लोकढाँचामा यस काव्यको निर्माण गरिएको छ । पहिलो र पछिल्लो गरी दुई अयनमा विभाजन गरिएको यस शोक काव्यमा क्रमशः ५० र ५१ गरी जम्मा १०१ श्लोक खर्च भएका छन् । यस काव्यमा कवि कर्थायताको रूपमा प्रथम र तृतीय दुवै पुरुषको मिश्रित वर्णनात्मक कथन पद्धतिको प्रयोग पूर्वदीप्ती शैलीमा गरिएको छ । परिष्कारवादी कवि पन्तले अन्त्यानुप्रास, छेकानुप्रास तथा अन्तर्लय जस्ता अनुप्रासको

[१०७] ऐजन पृ. २५ ।

सघन समायोजनबाट पृथ्वी छन्दलाई गीतिमय प्रवाह दिएका छन् । यस शोककाव्यमा विषयवस्तु, भाव र लयविधानका बीच अन्तरसमायोजनबाट साङ्गीतिक चेतनाले जीवन्तता प्राप्त गरेको छ । अन्त्यानुप्रास, रुपक उपमा जस्ता विविध अलङ्कारहरूको प्रयोगबाट शोकभावको अभिव्यक्तिमा शैल्पिक चमत्कार आउनुका साथै काव्य सौन्दर्य उत्कृष्ट बनेको छ । सूर्य, चन्द्र सच्चिदानन्द, सपन कोठरी, दिनेश, अच्युत इन्दु जस्ता विविध बिम्बसन्दर्भको प्रयोगले शोक काव्यकलागत चमत्कारमा वृद्धि भएको छ ।

शब्द र छन्दमा सिद्धिप्राप्त कवि पन्तले शोक विषयानुरूप सरस, सरल र सुबोध भाषाको प्रयोग गर्दै अन्तर्लय तथा अन्त्यानुप्रासीय आयोजनाको परिष्कारपूर्ण अन्वयन गरेकाले यो शोककाव्य प्रभावशाली बनेको छ । अभिधा, लक्षणा तथा व्यञ्जना जस्ता सबै आर्थी तहहरूमा अनुभूतिको मार्मिक र प्रवाहपूर्ण सरसता पाइन्छ । वर्णनात्मक, विस्मयात्मक, तथा प्रश्नात्मक भाषा र विम्बालङ्काको प्रयोगले शोक मनोदशाको मूर्तीकरण गर्नमा सहयोग पुऱ्याएको छ ।

### ४.२ **'मेरो-रमु !!' शोककाव्यको अध्ययन**

भरतराज पन्तले २०४८ माघ २६ मा रचना गरी सोही साल चैत्र २४ गते प्रकाशित गरेको एक काव्य 'मेरो-रमु!!' हो । यो पुत्रशोकलाई विषय बनाएर लेखिएको काव्य हो । त्यसैले यो शोक काव्य हो । भरतराज पन्तले आफ्नो कान्छो छोरो रमेश ( रमु) को पोखराको पातले छाँगामा हत्या भइसके पछिको शोकाकुल अवस्थामा यो काव्य लेखेका हुन् ।

भरतराज पन्तले यस अघि नै २०२८ सालमा विष सेवन गरी आत्महत्य गर्ने जेठो छोरो दिनेशको सम्झनामा 'दिनेश' शोककाव्य लेखिसकेका थिए । उनका दुई भाइ छोरा मध्ये कान्छो रमेशको पनि षड्यन्त्रमा परी हत्या भए पछि उनी आफ्नो बाँच्ने सहारा नभएको महसुस गर्छन् र कान्छी बुहारीले छोराका लागि केही लेख्न अनुरोध गरेपछि यस शोक काव्यको रचना गरेका हुन् ।

यो शोक काव्य नौ सर्ग र मिनी डिमाई आकारको पैसठ्ठी पृष्ठमा फैलिएको छ । कविको शोकाकुल मनोदशा र रमेशको जीवनगाथाको समायोजनबाट यसकाव्यको कथानक निर्माण भएको छ । कथावस्तु र चरित्रचित्रण भन्दा पनि शोकाकुल कवि मानसिकताको प्रकटीकरण सशक्त रूपमा आएकाले यस काव्यको प्रबन्धविधान भावप्रबल नै देखा पर्दछ । कविले भाव र आख्यानको सम्यक आयोजना गर्न नसक्दा नसक्दै पनि कारुणिक भावसन्दर्भको उद्‌घाटन भने राम्ररी भएको छ ।

कवि स्वयम् कथयिताका रूपमा रहेर यस शोक काव्यको रचना गरिएको छ । लगभग बीस वर्षको अन्तरालमा आफ्ना दुवै छोरा गुमाएर वंशपरम्परा समेत नरहेको अभिशापपूर्ण कारूणिक घटनालाई कविले यस काव्यमा पोखेका छन् । भावको गहिराइमा पुगेर मार्मिक अभिव्यक्ति गरेका छन् । जस्तोः

नानी उफ्रिरहेका छन् झरी नै आँसुको हुँदा
छामी छामी पऱ्यो लेख्न टिपी त्यैं आँसुको बुँदा [१०८]

कविले यो शोक काव्य रहरले लेखेका होइनन् । यो उनको बाध्यता हो, विवशता हो । जीवनमाथि परेको अभिशापको प्रहारको चित्कार हो । कवि यस्तो लेख्नु परेकोमा खेद व्यक्त गर्दछन् ।

किन लेखिरहेछु प्रश्न बन्दैन उत्तर
सोध्यो दोहरिंदै जान्छ प्रश्न झन् उत्तरोत्तर
भित्रको प्रेरणा मात्र यो कुनै काव्य होइन
जलेको जिन्दगानी हो कुनै साहित्य होइन [१०९]

"मेरो-रमु!!" मा करुण रसको सागर उर्लिएको छ । मानवीय सम्बेदनालाई कारुण रसले अत्यन्तै प्रभावित पार्दछ । काव्यमा प्रयोग हुँदा शोकादि भावहरू देश, काल र वैयक्तिकताको सीमा नाघेर ती सर्वभौम मानवीय भावका रूपमा साधरणीकरण

---

[१०८] भरतराज पन्त, मेरो-रमु !! पृ. २
[१०९] ऐजन पृ. ३ ।

भई आनन्दमय आत्मस्वादका रूपमा परिणत हुन्छन् । यस शोककाव्यमा पनि लैकिक जीवनका रज र तम गुणका भावहरू तिरोहित भई करुण रसको उत्सर्ग प्राप्ति भएको पाइन्छ । कविले करुण रसको मार्मिक प्रकट गरेका छन्-

घर शून्य छ, शून्य कोठरी
हुन आयो सव काल-कोठरी
हुनसम्म अध्याँरिदै गयो
जव मेरो रमु वेपत्ता भयो !
हुनसम्म सहें सहें सहें
सहन शक्ति विना अझैं सहें
तर हाय ! गयो ! गयो ! गयो !
रमु संझेर न फर्कने भयो ! [११०]

यस काव्यमा करुण रसको विभावादिको राम्रो आयोजना गरिएको छ । आलम्बन विभावका रूपमा रमुको हत्या भएको घटना छ भने उद्दीपन विभाव अन्तर्गत घर शून्य हुनु, वातावरण मलिन र अध्यारिदै जानु रहेका छन् । अनुभावअन्तर्गत स्तम्भ, वैवर्ण्य, अश्रु, प्रलय आदि रहेका छन् । व्यभिचारी भावअन्तर्गत आवेग, दैन्य जडता, मोह, मरण, विषाद, चिन्ता, स्मृति आदि भाव मार्मिक रूपमा सञ्चारण भएका छन् भने शोक स्थायी भावको रूपमा कारूण रस परिपुष्ट भएको छ ।

कविले अन्य सहायक रसहरू रौद्र, श्रृङ्गार, वात्सल्य जस्ता रसाभावहरूको समेत प्रयोग गरेका छन् । जसले करुण रसलाई उत्सर्गमा पुऱ्याउन मद्दत गरेका छन् ।

त जस्ता दुष्ट मान्छेको शेखी सारा निभाउला
तेरो शेखी नझारेर त्यसै कैल्हे निदाउला ! [१११]

---

[११०] ऐजन पृ. ५ ।
[१११] ऐजन पृ. ३३ ।

कविले यहाँ रमेशको हत्य गर्ने दुष्टप्रति इङ्गित गरेका छन् र हत्याको बदला गरेर त्यस दुष्टको दम्भ र शेखी तोड्ने प्रण गर्दै उसप्रतिको आफ्नो क्रोधको अभिव्यक्ति गरेका छन् । वास्तवमा मानवीय नश्वर चोला मर्ने नै हो तर सारा सपना अधुरा हुदाँ-हुदै षड्यन्त्रमा परेर मर्नुपर्दा निश्चय नै दुःखद अवस्था आउँछ यस्तो अवस्थामा कविले षड्यन्त्रकारी आततायीहरू प्रति ज्यादै क्रुद्ध हुँदै धृणा व्यक्त गरेका छन् -

रेखा राक्षसको देख्छु मान्छेको अनुहारमा
देखिन्छ दानवी चाला मानवी व्यवहारमा [११२]

मान्छेको व्यवहार कृतघ्न हुनु अत्यन्तै दुखद कुरो हो । आज मान्छे स्वार्थ र दम्भले गर्दा ऊ मान्छेको रूपमा मात्र मान्छे छ तर उसको चाल चलन, स्वभाव र व्यवहार भने दानवी प्रवृत्तिको छ । कवि मान्छेको अनुहारमा राक्षस देखेको कुरो व्यक्त गर्छन् । कविले एकैसाथ आक्रोश, घृणा र व्यङ्ग्य गर्दै मान्छे सुधिनुपर्ने तर्फ यसरी थप्छन्-

मान्छेको बन्नु पर्ने हो मान्छे सर्वत्र रक्षक
मान्छे बन्न पुगेको छ मान्छे कै किन भक्षक ?[११३]

यसरी कविले मान्छेमा देखिएका खराव कुप्रवृत्तिको सूक्ष्म निरीक्षण गर्दै मान्छेका दुष्ट स्वभाव र व्यवहारहरू अविलम्ब मानव हित, रक्षा र कल्याणका लागि हुनुपर्ने विचार राख्दैं मान्छे मान्छेको भक्षक र दुश्मनी हुन नहुने विचार राखेका छन् । कवि मानवता र भाइचारका पक्षपाति छन । मान्छेमा मनवता नभएको भातृत्व भाव नरहेको पदले मत्त र धनले अन्धो भएको आफ्नै स्व-जातिसित रिस गर्ने, कुकुरको जति पनि विवेक नभएर मान्छे वैगुनी बनेको भन्दै कविले पुन यस्ता मानवताहीन दुष्ट मान्छेको शेखी निभाउने प्रण गरेका छन् । यो यसकाव्यको मानवतावाद प्रतिको उच्च आकङ्क्षा हो ।

[११२] ऐजन पृ. ३२ ।
[११३] ऐजन ।

यस शोककाव्यमा करुण रसलाई परिपुष्टता प्रदान गर्ने क्रममा कवि पन्तबाट प्रकृतिको भरपुर प्रयोग गरिएको भेटिन्छ । परिष्कारवादी काव्य चेत भित्र कविले प्रकृतिको अत्यत्नै सहज र अकृतिम विधान गरेर करुणरस सुहाँउदो प्रकृतिक रूप, रङ्ग, रस गन्ध, ध्वनि र स्पर्श जस्ता ज्ञानेन्द्रियका संवेद्यताको सायुज्यमा प्राकृतिक छटालाई करुणभावमा प्रवाहित गर्न सकेको देखिन्छ, जस्तै-

आँधी-हुरी छ सुस्केरा, दुःख बादल घर्घर
झरी आँसु झरेकै छ, चट्याङ्ग, अर्को कहाँ छ र ? [११४]
सूर्य-चन्द्र दुवैमा छ टाटो ग्रहण कै सरि
तारा पिल्पिल गर्दैछन् मानौ रुन्छन् कि झैं गरी [११५]
चल्छ हेमन्तको स्याँठ चिसो ज्यादै बनीकन
आगो निभिसकेको छ तातो होस् के गरीकन [११६]
खोली बादलको पर्दा नहेर ! अब चन्द्रमा !
न जिस्काऊ मलाई झन् यस्तो विलखवनदमा ! [११७]

उपयुक्त उदाहरणहरूलाई अन्तः सर्वेक्षण गर्दा प्रकृतिलाई मानवीय आयाम समेत प्रदान गरिएको भेटिन्छ । ताराले रुन्छन झै गरी पिल्पिल गर्नु वादलले पर्दा खोल्नु, हेर्नु, जिस्काउनु-जस्ता मानवीय क्रियाको प्रयोग प्राकृतिक पदार्थका निम्ति प्रयोग गरेर प्रकृतिलाई मानवीय व्यक्तित्व प्रदान गरिएको समेत भेटिन्छ । कविको शोकमा तारा रुन्छन् कि झै हुनु र चन्द्रमाले वादलको पर्दा खोलेर कविलाई जिस्काए झै भान हुनु जस्ता प्राकृतिक घटनाक्रमले करुण भाव-सन्दर्भलाई प्राकृतिक परिवेशसँग तादात्म्य प्रदान गरेको देखिन्छ । यस्तै यहाँ कविले मानवको प्रकृतिकरण समेत गरेको देखिन्छ जस्तो-

वसन्त ऋतुमा फुट्दै आए कुसुमका मुना

---

114 ऐजन पृ. ६२ ।
115 ऐजन पृ. ६३ ।
११६ ऐजन ।
११७ ऐजन पृ. ६४ ।

दुई छोरा दुई छोरी आएथे हुन पाहुना [११८]

प्रस्तुत दृष्टान्तमा दुई छोरा तथा दुई छोरीहरूलाई ऋतुमा फुटदै आएका मुना को बिम्ब दिई मानवको प्रकृतीकरण समेत गरिएको छ ।

यस शोक काव्यमा कविले पात्रीय मनस्थिति अनुरूप प्रकृतिलाई चित्रित गरेका छन् जस्तो-

अन्धकार भयो कोठा यो घरै अन्धकार भो
अन्धकार भयो विश्व हृदयै अन्धकार भो [११९]

यहाँ कविले शोकबाट परेको भावदशालाई प्राकृतिक विम्बको रूपमा उठाएर जीवन्त चित्रण गर्न सफल भएका छन् ।

यसरी विश्लेषण गर्दा के देखिन्छ भने यो शोक काव्यमा कविले जे जस्तो कथानक, भाव र प्रकृतिको समायोजन गरेका छन् त्यो करुण रस-सन्दर्भमा अत्यन्तै सचेत भएर गरिएको छ । यहीँ नै यस काव्यको वैशिष्ट्य देखिन्छ । यस शोक काव्यमा शोक स्थायी भाव परिपुष्ट भई करुण रसको उद्रेग भएको छ । पुत्रशोकको दुःख पीडा र रुवाइमा कविसंवेगमा तरङ्गित भएका विषद मोह, मुर्च्छा, आत्मविस्मृति, नैराश्य जस्ता भावहरूको विरेचन भई करुण रस प्रवाहित भएको छ । यस शोक काव्यको अन्त्यमा सच्चिदानन्द ॐ परब्रह्मामा रमु रहेको छ भन्ने पूर्वीय वेदान्तवादी आदर्श दर्शन उठाउदै करुण रसको अवतरण शान्त रसमा सफलतापूर्वक गरिएको छ । वास्तवमा रसभावहरूको अन्तिम परिणति भन्नु नै अलौकिक ब्रह्मानन्द प्राप्त गर्नु हो जुन शान्त रसकै स्थिति सादृश्य हुन्छ । काव्यको अन्तिममा रसको उत्सर्ग देखापर्छ र जुन शान्त रसभावमा अवतरण हुने क्रममा रूवाइ र आँसुको समन भई स्तब्ध सन्नटा छाएको छ । करुण रस आलम्बन विभावका रूपमा रमेशको हत्य रहेको छ भने, वियोगजन्य स्थान र कालगत परिवेश उद्दीपन विभावका रूपमा रहेका छन् । बलिन्द्र आँसुका धारा विलौना आदि अनुभाव र विषाद, मोह, मुर्च्छा आवेग, निद्रा, व्याधि, मरण

---

[118] ऐजन पृ. १६ ।
[११९] ऐजन पृ. ३८ ।

आदि सञ्चारी भावहरूको प्रयोग वारम्बार भएको छ । यी सवै विभाव, अनुभाव, सञ्चारी भावको प्रभावकारी आयोजनामा शोक स्थायी भावको उत्सर्ग अभिव्यक्ति भई करुण रस परिपाकमा पुगेको छ ।

कविले करुण रसलाई परिपाक अवस्थामा पुऱ्याउन हरेक सर्गमा विभिन्न भावसन्दर्भ, विम्ब र विचारको प्रयोग गरेकाले काव्यको आन्तरिक भावान्वितिमा पनि सङ्गति नै देखिन्छ । आठौं सर्ग वियोगि र अन्य सवै सर्ग अनुष्टुप छन्दमा नै रहे पनि सर्गान्तमा भने छन्द परिवर्तन गर्न रुचि देखाउदै हरिणी, इन्दिरा, शालिनी, प्रहर्शिणी, मालिनी, पुष्पिताग्रा, शिखरिणी द्रुतविलम्बित र रथोद्धता जस्ता छन्दहरू सर्गान्तमा प्रयोग गरिएको पाइन्छ ।

यो शोककाव्य बद्ध लयात्मक शास्त्रीय छन्दको प्रयोग गरी लेखिएको छ । अन्त्यानुप्रास, श्लेष, यमक जस्ता अलङ्कारहरूको सहज र स्वभाविक आयोजनाले काव्यगत लयचेत उच्चरूपमा प्रवाहित भएको छ । यस काव्यमा प्रयुक्त शब्दहरूमा तद्भव शब्दहरूको बाहुल्याता पाइए पनि तत्सम शब्द तथा नेपाली जनजीवनमा प्रयुक्त आगन्तुक शब्दहरू जस्तो अफिस, पिकनिक, दिल्लगी अटोग्राफ आदिको समेत प्रयोग भएर शब्दभण्डारगत विवधता कायम भएको देखिन्छ, भने समासरहित सरल पदावलीहरूको प्रयोगले गर्दा प्रसादगुणयुक्त शोककाव्यको भावाशौलीगत वैशिष्ट्य राखेको छ । आठौ सर्गमा शोक अलङ्कारिक चमत्कार रूपमा तरङ्गित हुँदै बगेको छ । अभिधा, लक्षणा र व्यञ्जनाका तहहरूमासमेत भावलाई कलात्मक प्रक्षेपण गरेकाले काव्य रमणीय बनेको छ । कविले विस्मयात्मक, प्रश्नात्मक तथा उपदेशात्मक शैलीको समेत आयोजना गेका छन् । यसरी भारतराज पन्तले आफ्नो कान्छो पुत्र रमेशराजको जीवनगाथासँग सम्बन्धित शोकलाई सानै आकारको भए पनि नौ सर्ग र ४२५ श्लोमा संरचित गरी शोक महाकाव्यको रूपमा प्रकाशित गरेका छन् । यस शोककाव्यमा कवि स्वयम् आख्यायिकाका रूपमा प्रस्तुत भएर तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग वर्णन प्रधान हुनको साथै अन्तर्नाटकीकरणको आयोजनासमेतले गर्दा भावप्रबल स्वल्प आख्यानात्मक संरचनामा करुण रस प्रवाहित भएको छ । शोक अभिव्यक्तिको क्रममा भाव र प्रकृतिको तादात्म्य भई करुण रसको सशक्त उजागर भएको देखिन्छ । यस

शोक काव्यले सहज र स्वभाविक अनुप्रासिक आयोजनाबाट लयात्मक उत्कृष्टता हासिल गरेको छ । सरल, सरस र संप्रेष्य प्रसाद गुणयुक्त करुण काव्यको रूपमा 'मेरो रमु !!' शोक काव्यले आफ्नो वैशिष्ट्य राख्दछ ।

## ४.३ 'मनःस्थिति' शोककाव्यको अध्ययन

भरतराज पन्तको पुत्रशोकसम्बन्धी तेस्रो कृति 'मनः स्थिति' हो । यस अघि उनले 'दिनेश' र 'मेरो रमु!!' जस्ता शोक काव्य लेखिसकेका थिए । 'दिनेश' उनको जेठो छोराको शोकमा लेखिएको हो भने 'मेरो रमु'!! र 'मनःस्थिति' चाहिँ कान्छो छोरा रमेशको षड्यण्त्रपूर्ण हत्यबाट प्रताडित पितृहृदयको कारुणिकता समेटिएका शोक काव्य हुन् ।

कवि भरतराज पन्तका दुई जना छोराहरू रहेकामा ती दुवै जना अकालमा दिवङ्गत भए । जेठो छोरो दिनेशले २४ वर्षको उमेरमा आत्महत्य गर्‍यों भने कान्छो छोरा रमेशको रहस्यपूर्ण षड्यन्त्रमा हत्या गरियो । यसरी पुत्रशोकको सागरमा डुवेका पन्त कवि भएका हुनाले उनले त्यो शोकानुभूतिलाई काव्यमा उतार्ने काम गरे जसको फलस्वरूप यस्ता शोककाव्यहरू नेपाली साहित्य जगतले प्राप्त गर्‍यो ।

विशेष गरी कवि कान्छो छोरा रमेशको शोकमा बढी तड्पिएका छन् । दिनेशको शोक पनि कविले रमेशलाई हेरेर भुल्न खोजेका थिए तर जब रमेशको पनि हत्या हुन्छ, कवि हृदयको शोकको घाउ निको नहुने भइदिन्छ । यही शोकको घाउलाई कविले 'मेरो-रमु !!' मा पोखेका छन् र 'मनः स्थिति' मा समेटेका छन् ।

'मनः स्थित' को प्रकाशन २०५४ मार्ग १० गते भएको पाइन्छ । यस शोककाव्यमा शर्दूलविक्रीडित छन्दका विभिन्न १९ टुक्राहरू समेटिएका छन् र यी टुक्राहरू विभिन्न पत्रपत्रिकादिमा प्रकाशित समेत भइसकेको पाइन्छ । यी टुक्राहरूको रचना २०४८ र २०५४ सालको बीचमा भएको बुझिन्छ ।

'मनः स्थिति' शोक काव्यमा सूक्ष्म आख्यान प्रयोग भएको छ भने शोकभावले बाह्य संरचनालाई एकन्विति प्रदान गरेको छ । यो भावप्रबल संरचनामा रचिएको छ ।

कहिले प्रकृति, कहिले समाज, कहिले दर्शन कहिले विडम्बनाका बीचबाट कविको शोकभावना प्रकटित भएको छ । पुत्र वियोगबाट कवि मनस्थितिमा उर्लिएका चोट, वेदना, व्याकुलता, ग्लानी, चीत्कार, अधीरता छटपटी, शून्यता, विक्षिप्तता जस्ता मनोभावहरूको मार्मिकताका साथ काव्यात्मक अभिव्यञ्जना गरिएको छ ।

'मनःस्थिति' शोक काव्य पुत्रशोकले विह्वल पिताको विविध मनोसंरचनाको अभिव्यञ्जना भएको काव्य हो । यस क्रममा शोक स्थायी भावको परिपोषण गर्ने खेद, विरह, स्मरण, मोह, मद, दैत्य, चिन्ता, आवेश, उग्रता अपस्मार, अमर्ष, असूया, विषाद, ग्लानी, तर्क, शङ्का, त्रास, व्यधि, आलस्य, स्वप्न, मरण जस्ता सञ्चारी भावहरूको विराट संयोजन गरिएको छ । यस खण्डकाव्यमा कविले भावको विस्मयकारी सम्पादन गरेर मृत्यु, दुःख, कष्ट, सम्झना, विरहवेदना जस्ता लौकिक जीवनका विषदपूर्ण घटना तथा क्षणहरूलाई करुण रसात्मक आस्वदको परिणति दिएका छन् । यस काव्यमा करुण रस परिपाकको सन्दर्भमा काव्यका प्रत्येक पंक्तिहरू हृदय संवेद्यय रहेको पाइन्छ ।

मेरो अन्तिम भेट सम्म नगरी निस्की गइस् साँझमा
यी आफ्ना परिवार प्यार घरको छाडी गइस् माझमा
के कस्तो गरूला म उन्नति भनी सोचेर टाढा गइस्
भित्री चोट बताउनै नसकिने झन् शोक गाढा भइस् [१२०]

पुत्र शोकको अथाह भावभूमिमा कविका हृदयस्पर्शी विलापहरू उर्लिएका छन् । यहाँ कविले पुत्र शोकको रन्कोलाई शोक काव्यात्मक परिणति दिएर सन्तानको क्षतिपूर्ति गर्न खोजेको देखिन्छ, जस्तो-

कोही आउँछ भित्रबाट सहसा एकान्तमा रातमा
कानैनेर सुटुक्क भन्छ कवितालाई लियस् साथमा
यो विज्ञान न होस् परन्तु छ मनोविज्ञान साहित्यता
भित्र्याइकन शान्तिलाई मनमा राख्ने छ संघर्षमा [१२१]

---

[१२०] भरतराज पन्त, मनः स्थिति, (काठमाडौंः भरतराज पन्त, २०५४) ५:१५ ।

यसरी हेर्दा के देखिन्छ भने कविको स्रष्टा व्यक्तित्व शोककुल पुत्रको आलम्बनको रूपमा आएर कविलाई घचघच्याएको छ । कविले साहित्यलाई विस्मयकारी करुण चैतन्यको अभिव्यक्तिको रूपमा लिएका छन् । कविले शोक मनोदशाको अभिव्यक्ति गर्ने क्रममा भाव परिणतिको अवस्था सम्म पुगेका छन् । कविका कारूण रस-सन्दर्भका विभिन्न आरोह-अवरोहको चित्रण काव्यमा प्रवाहमय रूपमा भएको देखिन्छ । करुण रस अभिव्यक्ति गर्नेक्रममा आक्रोश र व्यङ्गयको प्रहार ठाउँठाउँमा भएको छ । कविले कारुणिक व्यङ्गय यसरी पोखेका छन्-

हेलाले जति जे दियौ अब पुग्यो, खाएँ अघाइसकें
के को खातिर गर्नुपर्छ र यहाँ हैरान पाइसके
सारै जर्जर भैसकें, रगत नै रोई बगाइसकें
जे-जे पोख्नु थियो सबै हृदयको भाँडो खन्याईसके !! [१२२]

यस शोक काव्यको अभीष्ट कविका मनोदशाको अभिव्यक्ति नै हो । यस क्रममा कविले प्रकृतिको प्रयोग गरेका छन् । शोकानुभूतिको प्रवाहमय अभिव्यक्तिको क्रममा तथा जीवन र जगतको निरीक्षणको सन्दर्भमा भाव र प्रकृतिको अर्न्तसंश्लेषण गरिएको भेटिन्छ-

तारा भै इतिहास पिल्पिल गरी चम्कन्छ आकाशमा
औंसी मात्र छ वर्तमान धमिलो सर्वत्र आवासमा [१२३]

कविले प्रकृतिको सहारा लिएर शोक अनुभुतिहरूलाई प्रकट गरेका छन् । मान्छेको दुःखमा प्रकृति पनि द्रवित र दुखित बनेको कुरालाई देखाइएको छ-

कालो बादल झिलिक्क विजुली चम्कन्छ आकासमा
झर्दा आँसु लपक्क हुन्छ पृथ्वी उछ्वासको सासमा
पर्दा भीषण बज्रपात किन झन् फुट्दैन यो खप्पर

---

[१२१] ऐजन पृ. ३८ ।
[१२२] ऐजन पृ. १४ ।
[१२३] ऐजन पृ. २ ।

धड्केको छ घरि घरि मुटु यसै छाती बन्यो पत्थर [१२४]

कवि शोकमा चुर्लुम्ब डुबेका छन् । उनलाई प्रकृतिको निस्याइलो वातावरण मात्र अनुकूल हुन्छ । आकासमा जून लाग्दा कविलाई गिज्याइएको भान हुन्छ । ताराहरू शोकमा छन्, मलीन छन् । तिनै ताराहरू साथमा लिएर के हाँस्छौ चन्द्रमा भनेर चन्द्रमा प्रति विस्मय भाव यसरी पोख्छन्-

के हाँस्छौ भन, चन्द्रमा ! गगनमा तारा लिई साथमा
देख्दैनौ किन माथिबाट अहिले के भो यही माथमा
सारा आँसु छ गण्डकी अझ बगी नारायणी भै सक्यो
बाकी हाड लिएर बाँचिरहदा ढुङ्गा खडा भैसक्यो [१२५]

यस खण्डकाव्यमा कविले सांसारिक अहंकारबाट आत्मविस्मृत भई व्यर्थता बोध गरेका छन् । जीवनको नश्वरतामा शून्य बोधको सन्दर्भलाई करुण रहस्यवादी चेतनासाथ यसरी समायोजन गरेका छन्:

उठ्तै सुस्त म फेरि बाल्छु विजुली कोठा सबै शून्य छ
सारा मस्त, म मात्र बस्छु नसुती निद्रा यसै शून्य छ
को बोल्यो यसरी बताउँ कसरी बोल्ने उही शून्य छ
शुन्यै शून्य छ बुद्ध-दर्शन बनी संसार यो शून्य छ [१२६]

यस काव्यमा कविले निराशाको भाव समेत व्यक्त गरेका छन् । कविले सधै आस्तिक बनेर इश्वर पुजा गरे पनि प्रतिफल निराशजनक शोकमय रहेकामा ईश्वारप्रति नै वितृष्ण भाव यरी व्यक्त गर्न पुग्छन् -

यो सारा सुख-दुःख कर्म फल हो के गर्छ रे ! ईश्वर ?
जो रोप्यो त्यही फल्छ आखिर भने के दिन्छ रे ! ईश्वर

[१२४] ऐजन पृ. ६ ।
[१२५] ऐजन पृ. १३ ।
[१२६] ऐजन पृ. २२ ।

छैनन् पत्थरमा र चित्र पटमा कोही कुनै ईश्वर
आत्मा नै कमजोर हुन्छ जसको के दिन्छ त्यो ईश्वर [१२७]

यहाँ कविको जीवनमा दर्शन समेत आएको छ । वास्तवमा कविको मनोदशामा परेको शोकको बज्रापातले कविका परम्परावादी विश्वास र आस्था भत्काइदिएको छ । कवि पत्थरका मूर्ति र काजजका तस्वीरलाई भगवान मान्ने पक्षमा छैनन् । कविले जतिसुकै पूजा र आरती गरे पनि अभिशापका प्रहार निरन्तर भइरहे यसकारण कविको ईश्वर प्रतिको आस्था टुटेको छ-

ऐले लाग्दछ धर्म-कर्म पनि ता हो तुच्छ आडम्बर
कैल्यै बाहिर देखिदैन भगवान् बोल्दैन रे ! ईश्वर
मेरो आस्तिक भावना हटिसक्यो, बन्दै गएँ नास्तिक
वंश नास्ति हुदै गयो यदि भने के फाइदा आस्तिक ? [१२८]

यसरी कवि वंशपरम्परा नै टुटेको र ईश्वरले केही सहारा नदिएको भन्दै परम्परावादी धर्मलाई आडम्बरका रूपमा चर्चा गर्दछन् । वास्तवमा यो धार्मिक आस्था प्रतिको विचलन कविमा निराशाजनक शोकको परिणतिका रूपमा आएको देखिन्छ । आफ्नो आत्मजलाई गुमाउनु पर्दाको निरूपाय क्षणमा मान्छे अलौकिक ईश्वरीय शक्तिको सहारा पर्न खोज्दछ तर जव उल्टो परिस्थिति सुध्रदैन तब ऊ सारा परम्परा र विश्वास माथि नै शङ्का गर्न थाल्दछ । यही परिप्रेक्षमा कविले इश्वरप्रति शङ्का उठाएको देखिन्छ । यो स्वभाविक मानवीय मनोदशा पनि हो । यस शोक काव्यमा शोकको गम्भीर उठान गर्नमा कविको ईश्वर प्रतिको दृष्टिकोणले समेत सहयोगी भूमिका खेलेको पाइन्छ ।

यो खण्डकाव्यमा शोक भावको प्रबन्ध विधानतर्फ दृष्टि गर्दा कविले शोकाकुल भाव सन्दर्भलाई विभिन्न १९ टुक्रामा विभाजन गरेका छन् र प्रत्येक टुक्रामा शार्दूलविक्रीडित छन्दका चतुष्पदी श्लोक ढाँचाका सात-सात श्लोकहरू रहेका छन् ।

---

[१२७] ऐजन ।

[१२८] ऐजन पृ. २२ ।

यो शोक काव्य खण्डकाव्यत्मक मान्यता अनुसारको मझौला आयामको छ । शोकाकुल करुण भावसन्दर्भलाई भाव प्रवाहात्मक संरचनामा कवि कथयिताको रूपमा प्रथम पुरुष वर्णनात्मक कथनपद्धतिको प्रभावकारी प्रयोग गरिएको छ । कविले करुण चेतनालाई मनस्थितिका विभिन्न अभ्यान्तरिक धरातलको गहिराइबाट शार्न्दूलविक्रीडित छन्दको मनोरम साङ्गीतिक प्रवाहमा शोकजन्य रसभावको मार्मिक प्रस्तुति गरेका छन् । अन्त्यानुप्रासको सहज र पूर्ण पालना गरिएको छ । साथै अर्न्तअनुप्रासको समेत ठाँउठाँउमा प्रयोग गरिएको हुँदा लयात्मक साङ्गीतिक चेत झङ्कृत भएको छ । सङ्गीतात्मक सरल शब्दहरूको मनोरम प्रयोग गरिएको छ । जस्तो -

यो भन्दा अझ पाप के छ र यहाँ, के धर्म मैले गँरू ?
यो भन्दा नरकै कहाँ छ र अरे के कर्म मैले गँरू ?
यो भन्दा पनी दु:ख भोग्नु छ र के के यज्ञ मैले गँरू ?
यो भन्दा अभिशाप आउँछर के ? के तीर्थ मैले गँरू ? [१२९]

खण्डकाव्यको भाषा शिष्ट र मिष्ठ छ । पूर्ण अन्त्यानुप्रासीयता तथा पर्याप्त अन्तर अनुप्रासीयताका साथै श्रुतिमाधुर्य कोमल वर्णहरूको व्यापक प्रयोगले भाषा शैलीलाई प्रवाहमय तुल्याउनुका साथ उच्च संङ्गीतात्मकता प्रदान गरेको छ । अधिकांश त दुई तीन, चार अक्षर संरचना भएका छोटा मीठा तद्भवका साथै केही मात्रामा तत्सम, झर्रा र अनुकरणात्मक शब्दको समेत प्रयोगले भाषिक विविधता व्याप्त भएको देखिन्छ । शब्दहरूसित खेल्न निपूण कवि पन्तले छोटा सरल वाक्यमा गहन भावलाई अन्तर्निवेशपूर्ण ढाँचामा अभिव्यक्त गरेका छन्-

रोइ बर्बर आँसुले दिन-दिन जस्तै नुहाए पनि
सारा जीवन नै यसै पिरलिँदै स्वाङ्है सुकाए पनि
गुज्रेको दिन फर्कदैन कहिल्यै छाती फुटाए पनि
जानेको छु हो ! परन्तु किन हो बिर्सन्न कैल्यै पनि [१३०]

---

[१२९] ऐजन पृ. २२ ।
[१३०] ऐजन पृ. २५ ।

जीवनमा अभिशापका घातप्रतिघात बिहोनु पर्ने बाध्यताका क्रममा कवि भरतराज पन्तका दुवै छोराहरूको असामयिक अवसान भइसकेपछि निरुपाय कवि पन्तले छोराको शून्यतामा कल्पी-कल्पी रुनु परेको थियो । उनले जीवनमा अनुभूत गरेका यस्ता कहिल्यै क्षतिपूर्ति हुन नसक्ने आहातहरूलाई काव्यत्मक अभिव्याञ्जना गरेर मनमा शान्ति लिने चेष्टा गरेका छन् । भावप्रवल संरचनामा रचिएको यस खण्डकाव्यमा अङ्गी रसका रूपमा करुणरस रहेको छ । शोक मानसिकताको मार्मिक अभिव्यक्तिले गर्दा आख्यानात्मक रूपमा न्यून संगठित रहे पनि भावाकुल परिपूर्ण रसभावको पुष्टताले शोक काव्यात्मक कवित्व उच्चतम स्तरको रहेको छ ।

## ४.४ नेपाली शोककाव्य परम्परा र भरतराज पन्त

नेपाली साहित्यमा शोककाव्य लेखनको परम्पराको सुरुवात लेखनाथ पौडेलबाट भएको हो । उनले वि.सं. १९६० सालमा 'शोक प्रवाह' भन्ने काव्य लेखेर नेपाली साहित्यमा शोकलाई प्रवेश गराएका हुन् । यस काव्यमा शोकभावनालाई प्रकारान्तरले वर्णन गरिएको छ । यो काव्यमा श्री ५ पृथ्वीवीरविक्रमको मृत्युले शोक विह्वल बनेका दरवारका कर्मचारी राममणि आ.दी.को शोकभावको वर्णन गरिएको छ । लेखनाथको अर्को शोककाव्य 'अमरज्योतिको सत्यस्मृति' २००८ सालमा प्रकाशित हुन्छ । यो काव्य महात्मा गान्धीको हत्याजन्य मृत्युबाट शोककाकुल बनेका कविको गान्धीप्रतिको श्रद्धान्जली र गान्धीका कर्ममय विचारको व्याख्यानमा केन्द्रित छ । यसरी राष्ट्रिय तथा अन्तराष्ट्रिय ख्याति प्राप्त व्यक्तित्वको शोकलाई बिषय बनाएर कवि लेखनमाथ पौडेलले शोककाव्य लेखेको पाइन्छ ।

नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाका 'मुनामदन' (१९९२), कुञ्जिनी (२००२) र 'म्हेन्दू' (२००३) जस्ता काव्यहरूमा दुःखान्त कथावस्तु भएकाले शोक र करुणाको मार्मिक प्रस्तुति पाइन्छ । भीमनिधि तिवारीका 'तर्पण' (१९९४) र 'यशस्वी शव' (२०१३), जस्ता काव्यमा शोक भावनाको मार्मिक प्रयोग भेटिन्छ । माधवप्रसाद घिमिरेको गौरी शोककाव्य नेपाली शोककाव्य परम्परामा महत्त्वपूर्ण प्राप्ति

हो । प्रणय भावना र शोकको मार्मिक अभिव्यक्तिले गर्दा यो काव्य अत्यन्तै सफल काव्यमध्ये पर्दछ ।

नेपालीका अन्य शोक काव्यकार र शोककाव्यहरूमा मोदनाथ प्रश्रितको 'बुबा खै' (२०२१), मान वज्राचार्यको 'आसुभित्र म' (२०२३), घटराज भट्टराईको 'अमरज्योति' (२०२९), भरतराज पन्तको 'दिनेश' (२०२८), 'मेरो-रमु !!' (२०४८) र 'मनः स्थिति' (२०५४), पवनकुमार खनालको 'बाबा' (२०३३), रोहिणी विलास लुइटेलको 'भुमरी' (२०३३), कोमलनाथ कोइरालाको 'अन्नपूर्ण' (२०३७), घनश्याम पौडेलको 'विलौना' (२०३६), भूपति ढकालको 'श्रद्धाञ्जली' (२०३९), कृष्णप्रसाद पराजुलीको 'कथा आसुको' (२०३९), डी.पी नेपालको 'मातृभक्ति' (२०४१), शैलेन्दुप्रकाश नेपालको 'वेदना बोल्छ' (२०४२), ऋषिराज न्यौपानेको 'विजय श्री' (२०४३), भरतराज मन्थलियको 'मिठ्ठू' (२०४३), कृष्णप्रसाद वस्यालको 'परिणति' (२०४३), हरिकला चुडालको 'हिमा' (२०४३), प्रतीक ढकालको 'सानुलाई' (२०४४), रविराज भण्डारीको 'मणि' (२०४४), रामचन्द्र भट्टको आमाको 'सम्झना' (२०४६), श्री हरि फुयालको 'आमाको सम्झना' (२०४७), कृष्णसने इच्छुकको 'शोकाञ्जली' (२०४८), पोषराज पौडेलको 'आमास्मृतिको छालमा' (२०४९), घटराज भट्टराइको 'जयवाला' (२०५१), खेमराज निरौलााको 'मदन' (२०५२), रविलाल अधिकारीको 'आसुको अञ्जुली', श्री हरि फुयलको 'राजन रायमाझी' (२०६१) जस्ता शोककाव्य नेपाली काव्य जगतले प्राप्त गरेको देखिन्छ ।

यसै क्रममा भरतराज पन्त परिष्कारवादी काव्यमान्यतामा अडिग रहेका काव्यकार हुन् । उनले जीवनमा आइपरेका शोक र त्रासदीका अनुभवलाई काव्यको विषय बनाएका छन् । उनले आफ्ना पुत्रको मृत्युको शोक र वात्सल्य भावलाई समायोजन गरेर नेपाली साहित्य जगतमा उत्कृष्ट शेककाव्य दिएका छन् । जसरी माधव धिमिरेले प्रणय भाव र शोकभावलाई समायोजन गरेर उत्कृष्ट शोक काव्य गौरी रचेका छन् त्यसरीनै उनले पनि पुत्र वात्सल्य र शोकभावलाई संयोजन गरेर नेपाली शोक काव्यको क्षेत्रमा गुणात्मक महत्वका तीन-तीनवटा शोककाव्य रचेका छन् जुन औसतरूपमा अन्य शोककाव्यकारहरूले प्रदान गरेभन्दा बढी नै हो भने गुणात्मक रूपमा माधव धिमिरेपछिका शोककाव्यकारका अग्रपङ्क्तिमा उनको नाम आउछ । यही नै नेपाली शोक काव्य परम्परामा भरतराज पन्तको योगदान हो ।

## ४.५ निष्कर्ष

भरतराज पन्तले २०२८ सालमा विष पानबाट मृत्युवरण गरेको छोराको संझनामा समर्पित भएर 'दिनेश' शोककाव्य लेखेका हुन् । यो पृथ्वी छन्दका १०१ श्लोक खर्च गरी लेखिएको सफल शोककाव्य हो । यस काव्यमा  कविले शोकभावको सहज अभिव्यक्ति गरेका छन् । प्रकृतिको साहारा लिएर उचित विम्बालङ्कारको प्रयोग गरी मार्मिक शैलीशिल्पका साथ 'दिनेश' काव्यको निर्माण भएको छ । यसैगरी कान्छो छोराको संझनामा पितृहृदयको वात्सल्य पोखेर उनले 'मेरो-रमु !!' शोककाव्य रचना गरेका छन् । नौ सर्ग र ४२५ श्लोकमा संरचित यस काव्यमा छोराको संस्मरण गर्दै कविमा उर्लिएका शोक भावलाई उनले सशक्त ढङ्गले प्रस्तुत गरेका छन् । वात्सल्य भाव र शोकभावको बेजोड प्रस्तुतति यस काव्यमा भएको छ । यो काव्य सरल, सहज र संवेध्य छ । कविको शोकभाव र वात्सल्यभावको शोकसागर 'मेरो-रमु !!' मार्फत उर्लिए पनि त्यसले कविको धित मर्न सकेन र कविले पुन 'मनःस्थिति' भन्ने शोककाव्य रचना गरेको पाइन्छ । शार्दूलविक्रीडित छन्दमा शोकभाव र पुत्रवात्सल्यको मार्मिक र कारुणिक प्रस्तुतिले गर्दा उत्कृष्ट काव्यको रूपमा 'मनःस्थिति' देखा पर्दछ । यस काव्यमा भाव, भाषा र लयको कुशलतापूर्वक समायोजन गरिएको छ ।

वस्तुतः भरतराज पन्तका तीनवटै काव्यहरू नेपाली शोककाव्य परम्पराका अमूल्य रत्न हुन् । कविले अनुभूत गरेका शोकभाव र वात्सल्य भावको मार्मिक समायोजनले गर्दा काव्यकलागत प्राप्ति उत्कृष्ट देखिन्छ ।

# परिच्छेद पाँच

# उपसंहार

प्रस्तुत शोधकार्यका दोस्रो परिच्छेददेखि चौथो परिच्छेदसम्म भरतराज पन्त र उनका शोककाव्यको सङ्क्षिप्त अध्ययन तथा विश्लेषण गरिएको छ । यस परिच्छेदमा भने अध्ययनको निष्कर्ष दिने प्रयास गरिएको छ ।

वि.सं १९८६ साल असार ३० गतेका दिन पिता मणिदत्त पन्त र माता ललिताकुमारीका कोखबाट काठमाण्डौंमा जन्मिएका भरतराज पन्त नेपाली साहित्यका मूर्धन्य व्यक्तित्व हुन् । तीन वर्षको उमेरमा मातृवियोग तथा चौध वर्षको उमेरमा पितृवियोग परेकाले उनको जीवनको बाल्यकाल शोक र अभावको भुमरीमा रुमलिएको पाइन्छ । यिनी ४२ वर्षको हुँदा जेठो छोरा दिनेशले विष सेवन गरी आत्महत्या गर्दछ । यही अभिशापपूर्ण घटनालाई लिएर उनले 'दिनेश' शोककाव्यको रचना गरेको पाइन्छ । एकातिर छोराको मृत्यु अर्कोतिर पत्नीको मानसिक विक्षिप्तता जस्ता कुराले यिनी अत्यन्तै द्रवित बनेका देखिन्छन् । यसै क्रममा उनको कान्छो छोरा रमेशराजको २०४८ सालमा भ्रमणमा गएको बेला पोखराको पातले छाँगामा रहस्यमयरूपमा हत्या भएको पाइन्छ । त्यति बेला भरतराज पन्त ६२ वर्षको उमेरमा हिड्दैं गरेका हुन्छन् । यसरी हेर्दा भरतराज पन्तको सम्पूर्ण जीवन त्रासदीय शोकको चक्रव्यूहबाट गुज्रिएको भेटिन्छ । प्रतिकूल स्वास्थ, आर्थिक अस्थिरता जस्ता समस्याहरूसँग पनि उनले कठिन संघर्ष गर्नु परेको देखिन्छ । यति धेरै प्रतिकूलतासित संघर्ष गर्दै उनी अनवरत रूपमा साहित्य साधनमा अडिग रहनु उनको महानतम वैशिष्ट्य हो ।

भरतराज पन्तको जीवनमा दर्दनाक घटनाका त्रासदीय शृङ्खलाहरू एक पछि अर्को गर्दै आएको पाइन्छ । उनको जीवन शोक र अभावविरूद्ध अनवरत सङ्घर्ष गर्दै अगाडि बडेको छ । यस क्रममा उनले साहित्यमा आफ्नै जीवन भोगाइका कटु-यथार्थहरूलाई पोखेका छन् । उनको जीवनले जतिसुकै त्रासद अनुभव गरे पनि उनी कहिल्यै जीवनको पथबाट बिचलित बनेनन् । धैर्य र अदम्य साहसका धनी भएकोले उनले जस्तो सुकै विषम र दर्दनाक परिस्थितिमा पनि अपराजित भएर जीवनलाई कर्मको मार्गमा डोऱ्याउन सकेका छन् ।

जीवन यापनको क्रममा अनेकौ विसङ्गति र विशृङ्खलताको सामना गरेका पन्तले साहित्य साधनमा निरन्तर क्रियाशील रहेर गौरवपूर्ण साहित्यिक व्यक्तित्व निर्माण गरेको पाइन्छ । उनले जीविकाको रूपमा प्राध्यापक पेशालाई निरन्तरता दिएको भए पनि साहित्यिक व्यक्तित्वबाट बढी सम्मानित रहेका छन् । उनले २१ वटा कृतिको रचना गरेका छन् । यसका अतिरिक्त असंख्य फुटकर कविता, लेख र रचनाहरू पत्रपत्रिकादिमा छरिएका छन् । यस क्रममा उनका 'दोभान' महाकाव्य र शोककाव्यहरू उच्च कवित्व प्राप्तिका दृष्टिले बढी महत्वपूर्ण रहेका छन् ।

शोक त्रासादी अथवा करुणको कारक तत्व हो । शोकाकुल अवस्थामा मानवीय मन भावविह्वल भई विक्षिप्त बनेको हुन्छ, विशृङ्खल बनेको हुन्छ । शोक आप्तजन अथवा कसैको मृत्युले हृदयलाई आघात र विदीर्ण तुल्याए पछि सिर्जना हुन्छ । शोकलाई काव्य सिर्जनाको सन्दर्भमा लिएको लामो परम्परा र इतिहास देखिन्छ । अंग्रेजीमा शोक काव्यलाई elegy भन्ने गरिएको पाइन्छ भने पूर्वमा शेक स्थायी भाव भएको करुण रसात्मक मझौला आयामको प्रबन्धात्मक रचनालाई नै शोक काव्य भनेको पाइन्छ । शोक काव्यहरूमा शोकाकुल स्रष्टाले वियोगजन्य असह्य कारुणिक वेदनाको संवेदनात्मक भावदशालाई उद्बोधन गर्ने हुँदा वैयक्तिक अनुराग र अनुभूतिले भरिएका हुन्छन् ।

भरतराज पन्त नेपाली काव्य जगतमा सशक्त शोककाव्यकारका रूपमा प्रतिष्ठित छन् । उनले आफ्नै जीवनमा घटेका त्रासदीय घटनाहरूले गर्दा शोककाव्य रचना गरेका छन् । यस क्रममा उनले 'दिनेश' 'मेरो-रमु !!' र 'मनःस्थिति' जस्ता विशिष्ट शोधकाव्यहरूको रचना गरी आफ्नो शोकलाई धोको फुकाएर व्यक्त गरेका छन् । आत्मज वा इष्टजनको मृत्यु र अनिष्टको प्राप्तिले हृदयलाई आहात तुल्याए पछि शोकाकुल मनोदशााको अभिव्यक्ति शोककाव्यको मूलकथ्य बन्दछ । भरतराज पन्तका जीवनमा उनका दुइवटै छोराको मृत्यु मानवीय अभिशापका कारणले भएको पाइन्छ । उनले अकालमा दिवङ्गत भएका आफ्ना छोराप्रति हृदयमा रहेका पुत्रवात्सल्य, स्नेह र अपनत्वका कारणबाट उब्जिएको शोकलाई भावनाका भेलमा बगेर मार्मिक र करुणिक पारामा व्यक्त गरेका छन् । शाकाकुल आवेगलाई सशक्त ढङ्गले पोखेका छन् ।

शोकविह्वल विशृङ्खल भावदशालाई विशृङ्खल शैलीमा नै अभिव्यक्ति गरेका छन् । वास्तवमा योजनागत ढङ्गबाट कल्पना गरेर शोककाव्यको रचना गरिँदैन । शोककाव्यमा वैयक्तिक शोकभावनाको यथार्थ अभिव्यञ्जना गरिने हुँदा नै यी बढी मार्मिक र सजीव हुन्छन् । भरतराज पन्तका शोककाव्यहरू गणस्तरीय उपलब्धिका दृष्टिलेृ विशेष उल्लेखनीय छन् । उनका शोककाव्यहरू शोकाकुल हृदयका विर्दीण अनुभवले खारिएका छन् ।

भरतराज पन्तको 'दिनेश' शोककाव्य उनको जेठो छोरा दिनेशको संझनामा लेखिएको छ । यस शोककाव्यमा कविले दिनेशको मृत्युबाट उब्जिएको शोकलाई व्यक्त गर्दै उसको गुणस्वभावको बयान गरेका छन् । कवित्व प्राप्तिका दृष्टिले उत्कृष्ट रहेको यो शोककाव्य नेपाली शोककाव्य जगतकै महत्वपूर्ण प्राप्ति हो । यसै गरी उनको अर्को शोककाव्य 'मेरो-रमु !!' रहेको छ । यो उनको कान्छी छोरा रमेशराजको हत्यालाई विषय बनाएर लेखिएको छ । दिनेशको शोकमाथि रमेशको शोक थपिएपछि कविको हृदय शोकले क्षतविक्षत हुन्छ , जीर्ण, विदीर्ण र संर्कीण हुन्छ । यही शोकाग्नीको जलनलाई 'मेरो-रमु ‼ मार्फत व्यक्त गरे पनि कविको विदीर्ण हृदयको क्रन्दन रोकिएन र उनले पुनः 'मनःस्थिति' मार्फत शोकभावलाई धोको फुकाएर व्यक्त गरेका छन् । यसरी उनले आफ्नो दिवङ्गत कान्छो छोराको हत्यालाई कथ्य बनाएर दुई मार्मिक शोककाव्यहरूको रचना गरेका छन् । समग्रमा उनका तीनवटै शोककाव्यमा शोकभावनाको प्रचुर अभिव्यक्ति पाइनुको साथै सामाजिक विकृति, विसङ्गति प्रति तीव्र निन्दा र मान्छेको दानवी प्रकृतिप्रति आक्रोश पोखेका छन् ?

भरतराज पन्तका शोककाव्यहरू नेपाली साहित्यका अमूल्य धरोहरका रूपमा रहेका छन् । उनका शोककाव्यले मानवीय शोकाकुल भाव र प्रकृतिबीचको एकात्मकता समेटका छन । कविको उद्वेलित हृदयको आत्मपरक अभिब्याञ्जनाले गर्दा उनका शोककाव्यहरू संवेदनशील छन् । शोक काव्यहरूमा वैवयक्तिकता हुन्छ नै तर सफल शोककाव्यमा वैयक्तिकताको साधारणीकरण भई करुणरसले परिपाकावस्था प्राप्त गरेको हुन्छ । भरतराज पन्तका शोककाव्यहरू यस्तै विशिष्ट प्राप्ति हुन् ।

## सन्दर्भ ग्रन्थसूचि


अप्टे, वामन शिवराम, संस्कृत हिन्दी कोश, वाराणसीः मोतीलाल वनारसीदास, ई. १९६६ ।

अवस्थी, महादेव, लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता, काठमाडौँः एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि., २०६१ ।

आनन्दवर्द्धन, ध्वन्यालोक, वारणसीः चौखम्बा विद्याभवन, २०२१ ।

उपाध्याय, केशवप्रसाद, पूर्वीय साहित्यसिद्धान्त, काठमाडौँः साझा प्रकाशन, वि.सं. २०५५ ।

उप्रेती, भारजङ्ग, भरतराज पन्त जीवनी र साहित्य, नुवाकोटः श्रीमति कृष्ण थापा, २०४० ।

गिरी, टङ्कनाथ, भरतराज पन्तका काव्य प्रवृतिहरूको अध्ययन, अप्र रम. ए शोधपत्र, २०५४ ।

घिमिरे, माधवप्रसाद (सम्पा.), पच्चीस वर्षका खण्डकाव्य, काठमाडौँः ने.रा.प्र.प्र., २०३९ ।

त्रिपाठी, वासुदेव र अन्य, (सम्पा.), नेपाली कविता भाग ४, (दोस्रो सं), काठमाडौँः साझा प्रकाशन, २०५३ ।

थापा, हिमांशु  साहित्य परिचय, चौथो सं. काठमडौँः साझा प्रकाशन, २०५० ।

दण्डी, काव्यादर्श, वनारसः चौखम्बा विद्याभवन, १९५८ ।

नगेन्द्र (सम्पा.) भारतीय काव्यशास्त्रकी परम्परा, दिल्लीः नेशनल पब्लिसिङ्ग हाउस, इ. १९५६ ।

निरौला, फणिन्द्रराज, भरतराज पन्तका काव्यकृतिहरूको अध्ययन, अप्र. एम. ए. शोधपत्र ०४४ ।

नेपाल, शैलन्दुप्रकाश र शारदा अधिकारी, पारख प्रयत्न, काठमाडौँः अनामिका प्रकाशन, २०५५ ।

पन्त, भरतराज, जूनकीरी, काठमाडौं, भरतराज पन्त, २०२३ ।

_______, दिनेश, काठमाडौँः भरतराज पन्त, २०२८ ।

_______, शैलपुत्री, काठमाडौँः ने.रा.प्र.प्र., २०३९ ।

_______, चन्द्रसाहा, काठमाडौंः भरतराज पन्त, २०३९ ।

_______, हातको तकिया काठमाडौंः भीमसेन, २०४१ ।

_______, दोभान, काठमाडौंः ने.रा.प्र.प्र., २०४१ ।

_______, नमस्कार, काठमाडौंः ने.रा.प्र.प्र., २०४६ ।

_______, पन्त वा, काठमाडौंः प्रेमनाथ सूर्यनाथ, २०४९ ।

_______, भरतराज पन्त, काठमाडौंः ढुङ्गेअड्डा, २०५० ।

_______, गुन्द्रुक, काठमाडौंः ढुङ्गेअड्डा २०५०, ।

_______, भित्र बाहिर, काठमाडौंः साझा प्रकाशन, २०५० ।

_______, तपस्विनी, काठमाडौंः भरतराज पन्त, २०५३ ।

_______, मनः स्थिति, काठमाडौंः साझा प्रकाश, २०५४ ।

_______, नेपाली अलङ्कार परिचय, काठमाडौंः साझा प्रकाशन, २०५६ ।

_______, सौन्दर्यलहरी, काठमाडौंः श्रीमती प्रभालक्ष्मी, २०६१ ।

_______, अलङ्ककार चन्द्रोय उयोद्घात, ललितपुरः नेपाली त्रैमासिक, २०६३ ।

पोखेल, बालकृष्ण र अन्य, (सम्पा.), नेपाली वृहत् शब्दकोश, काठमाडौंः ने.रा.प्र.प्र., २०४० ।

पौडेल, विष्णुप्रसाद, संस्कृत काव्यशास्त्र, काठमाडौंः भुँडीपुराण, २०५७ ।

फुयाँल, श्री हरि, नेपाली दुःखान्त गीतिकाव्यको विवेचना, काठमाडौंः नेपाल वाङ्मय प्रतिष्ठान, २०५७ ।

भट्टराई घटराज, प्रतिभै प्रतिभा र नेपाली साहित्य, दोस्रो सं., काठमाडौंः एकता बुक्स डिष्ट्रिब्युटर्स प्रा लि., २०५१ ।

भण्डारी, गोपालप्रसाद, प्राग्भानुभक्तीय नेपाली काव्य, काठमाडौंः ने.रा.पा.प्र., २०५३ ।

भरतमुनि, नाट्यशास्त्र, वाराणसीः चौखम्बा संस्कृत सिरिज अफिस, २०१९ ।

भामह, काव्यालङ्कार, पटनाः बिहार राष्ट्रभाषा परिषद, २०१९ ।

रिसाल, राममणि, नेपाली काव्य र कवि, (पाचौ सं),. काठमाडौंः साझा प्रकाशन, २०५८ ।

रुद्रट, काव्यालङ्कार, दिल्लीः वासुदेव प्रकाशन, १९६५ ।

वर्मा, धीरेन्द्र र अन्य (सम्पा.) हिन्दी साहित्य कोश भाग १, (दो.सं.) वारणसीः ज्ञानमण्डल लिमिटेड, २०२० ।

विश्वनाथ, साहित्य दर्पण, वाराणसीः चौखम्बा विद्याभवन, १९०८ ।

शर्मा, गोपीकृष्ण, संस्कृत साहित्यको रूपरेखा, काठमाडौंः अभिनव प्रकाशन, वि.सं. २०५७ ।

सुवेदी, अभि र अन्य, विश्वसाहित्यको रूपरेखा, काठमाडौंः, ने.रा.प्र.प्र., वि.सं. २०३० ।

Thatcher, Virginias, The New Webster Encyuclopedia Dictionary of English Language, Chicago consoledated book publihseer, A.D. 1970.

Wehmeier sally, Oxford Advanced learners Dictionary, 6th ed. Oxford New York, 2000.

Webster, Merrian, Unbridyed Dictionary of the English Language, New York: Portland House, 1980.

**पत्रिका**

जिताली, बमबहादुर, 'नेपाली कवितामा शास्त्रीय छन्दप्रयोगको सर्वेक्षण', पज्ञा, २९:३०, २०५६

त्रिपाठी, वासुदेव, 'संस्कृत परम्परामा कवि र काव्य तथा साहित्य शब्दका प्रयोग सन्दर्भ, व्युत्पत्ति र योगरुढअर्थको निर्धारण प्रक्रिया' कुञ्जिनी, (साहित्यिक समालोचना विशेषाङ्क) ५: ३, २०५४ ।